वर्ष १७, अङ्क ३, पूर्णाङ्क ९३, कार्तिक २०७५

# अग्निचक्र

Agnichakra National Monthly

राष्ट्रिय मासिक

www.agnichakranews.com

ISSN 2362-1109

9772362110000



सतगुरू गोरखनाथ बाबा

## राष्ट्रनिर्माता पृथ्वीनारायणको इच्छा पूरा गरिदिने
# भालेश्वर महादेव



९३ औं यात्रा

Great Leader having Conscience Character

आत्मसन्तुष्टिको लागि मात्र साहित्य सिर्जना गर्ने डा. चालिसे

सुवेदीको अनुभवमा दुधिवनको हीराखानी

जीवात्मा र परमात्माको मिलन नै योग हो

# समृद्ध नेपाल

# सुखी नेपाली

# सामाजिक सेवा

# सबैको जिम्मेवारी ।

**नेपाल सरकार**

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

**सूचना तथा प्रसारण विभाग**

# सुख–शान्ति–स्थायित्व र समृद्धिको कामना

चाडबाड नजिँकिदै गर्दा महंगीको मारमा जनतालाई पार्ने काममा सरकार बेखबर जस्तो देखिएको छ । दुई तिहाइको सरकारले जनताको मन जित्ने छाँटकाँट देखिएन । दिनप्रतिदिन हरेक क्षेत्रमा समस्या आइरहेकै छन् । सानालाई ऐन र ठुलालाई चैन, छर्लङ्ग भएको छ । नेपाल प्रहरीको साख पनि गिर्दै गइरहेको छ । प्रहरीले बलात्कारी समाउन सकेनन् र जनताले न्याय पाएनन् । ठूलाठालुलाई चाहि दोब्बर सुविधा र दोहोरो भ्रष्टाचार गर्ने छुट हुँदो रहेछ । पार्टी एकतापछि पनि दुइटा कम्युनिष्ट पार्टीले दुइ पार्टी देखाएर सुविधा लिएछन् – यसलाई अरू के भन्छन् थाहा छैन तर अग्निचक्र चाहिँ भ्रष्टाचार नै हो भन्छ ।

सत्तारूढ दलका प्रदेश सभा सदस्यहरूले गलत विवरण दिएर सुविधा लिई भ्रष्टाचार गरिरहेका छन् । राज्यको दोहनमा सबैजसो क्षेत्रका सबै भ्रष्टाचारीहरूको मिलेमतो देखिएको पाइयो । नियतवश दुईवटा पार्टीका नाममा राज्यबाट सुविधा लिइरहेकाहरूलाई कसले कारबाही गर्ने ? सरकार दुईतिहाइको भएकाले चरम लापरवाही भइरहेको कुरा सुन्नमा आएको छ । अनुचित रूपमा दोब्बर सुविधा लिएकोमा विपक्ष दलका नेताहरू पनि चुप बस्नुको रहस्य के हो ? कांग्रेस नाजवाफ छ । कानुनी र नैतिक अपराध गर्ने यस्ता भ्रष्टाचारीलाई तह लगाउन नयाँ जंगबहादुर नै जन्मनु पर्ने हो कि !

भर्खरै मात्र नेपाल–चीन पारस्परिक सहयोग समाजका अध्यक्ष प्रेम सागर पौडेलले डाँफे टिभीसँग 'नेपाल कमजोर सानो र गरीब देश होइन । अब छिट्टै देशभक्त नेताको जबर्जस्त उदय हुनेछ' भनेर बोल्नु भएको कुरामा अग्निचक्रले चाहिँ अत्यन्तै खुशी मानेको छ र पौडेल ज्यूको भनाई चाडै सफलतामा पुग्ने विश्वास लिएको छ । राजनीति–विश्लेषकमा राम्रो गरी चिनिनु भएका पौडेलले मुलुक भित्रको गुदी राजनीति र कुटनीति बुझेरै बोल्नु भएको होला भन्ने विश्वास अग्निचक्रको छ ।

दशैं–तिहार नजिँकिदै गर्दा बजार भाउ जथाभावि बढेको पाइयो । स्याउ प्रतिकिलो रू. २० बढेछ । त्यस्तै आलु प्रतिकिलो रू. १०, चिनी प्रतिकिलो रू. २०, गोलभेंडा प्रतिकिलो रू. ३०, बोडीसिमी प्रतिकिलो रू. २०, लौका प्रतिकिलो रू. २०, चामल प्रति बोरा रू. ५० र खाने तेल प्रतिलिटर रू. १० बढेको पाइयो । केही वर्षमा अर्को चुनाव हुन्छ र त्यतिखेर जनताले कसरी पत्याउलान् ? यो कुराप्रति सत्तारूढ दलको ध्यान गयो कि गएको छैन ! जनतालाई राहत देऊ, महंगी होइन र आफ्नै कारणले पतन नहोऊ ! ओली सरकारलाई यही छ अनुरोध !

'अग्निचक्र' परिवार बडादशैं, दिपावली, नेपाल सम्वत् र छठ पर्वको पावन अवसरमा समस्त नेपाली दाजुभाइ तथा दिदी बहिनीहरूमा सुख, शान्ति, स्थायित्व र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ ।

जय गोरख !!


**सम्पादक / प्रकाशक**
लक्ष्मीनारायण भट्टराई

**प्रमुख सल्लाहकार**
दुर्गाप्रसाद आचार्य

**निर्देशक**
गोपाल घिमिरे

**अग्निचक्र राष्ट्रिय मासिक**
www.agnichakranews.com

वर्ष १०, अङ्क ३, पूर्णाङ्क ९३, कार्तिक ०७५

संरक्षक
*प्रभा राज्यलक्ष्मी राणा*

का.जि.प्र. द.नं. ३२/०६६/६७

स्थायी लेखा नं. (PAN): ३०३८२५१२२ ISSN: 2362-1109

ठेगानाः का.म.न.पा.३, सम्पर्क कार्यालयः डिल्लीबजार, काठमाडौं ।

फोनः ०१–४३७७७१०, ९८५१०४०३३०
email: agnichakramasik@gmail.com

*By the Grace of God*
**Edited & Published by**
**Laxmi Narayan Bhattarai**
**9841308834**

**सल्लाहकार**
प्रा.डा. करबीरनाथ योगी
डा. पदमराज पन्त
डा. कमल शर्मा लम्साल
डा. घनश्याम खतिवडा
विनयकुमार शर्मा नेपाल
प्रेमसागर पौडेल
आर.एच. दाहाल
रोशन श्रेष्ठ
पुण्य आचार्य

**व्यवस्थापक**
कमला मिश्र

**कानुनी सल्लाहकार**
अधिवक्ता लक्ष्मण आचार्य


**संवाददाता / सहयोगी**
के.एम. भट्टराई / वशिष्ठ भलना

**फोटोग्राफर**
अग्निप्रसाद निरौला

**प्रमुख वितरक**
यज्ञ न्यौपाने (उपत्यका)
एन.ए. डिस्ट्रिब्युटर्स (उपत्यका बाहिर)

**मुद्रण**
एस.पी. प्रेस, कामनपा-३१

## पाठकको कलम




### अनौठो लाग्यो

अग्निचक्र राष्ट्रिय मासिकको म नियमित पाठक हुँ । म सधैं अग्निचक्र पढ्ने गर्छु । कहिलेकाही चाहिँ अचम्मै लाग्छ । सधैजसो चाहिँ रमाइलो लाग्छ । अग्निचक्र पढ्दै जाँदा मलाई नौलो अनुभूति हुन्छ । अध्यात्म, विज्ञान, साहित्य, राजनीति र समाचारको स्वाद पाइने भएकाले नै होला मलाई आनन्द महसुस भएको । ९२ औं यात्रामा आइपुग्दा वर्ष १०, अंक २, पूर्णांक ९२ भएछ । समालोचना विशेष भएर हो कि किन हो पेज नं. २० देखि ३८ सम्म लगातार एउटै सन्दर्भलाई फोकस गरेको पाइयो । बीस कृतिमाथि समग्र समीक्षा गरेर पेज २० देखि ३५ भरेको पाइयो भने ३६ मा आइपुग्दा पुनः अर्को कृतिको अर्कै लेखकले समालोचना गरेको पाइयो भने पेज ३८ मा उनै प्रकाशकको अन्तर्वार्ता रहेछ । मेरो एउटा प्रश्न शब्दार्थ प्रकाशन बाहेकका अन्य प्रकाशन गृहका पुस्तकबारे चाहिँ किन समालोचना अग्निचक्रले छाप्दैन ? के शब्दार्थ बाहेक अरू प्रकाशन गृहहरू चाहिँ र अरू लेखकहरू चाहिँ यो देशका स्रष्टा होइनन् र ? जवाफ चाहियो मलाई !!

**— देव राजभण्डारी**
नेपाल ल क्याम्पस, काठमाडौं

### चाणक्यका कथन मनपर्‍यो

भ्रष्टाचार निर्मूल गर्ने अभियानमा अग्निचक्र पनि लागेको छ भन्ने कुरा अग्निचक्रका नियमित अंकहरू नियाल्दा थाहा भइहाल्छ । हालै पनि ९२ औं पूर्णांकमा सम्पादकीय पेजमा नै "लोकतन्त्रको दुस्मन हो भ्रष्टाचार" शिर्षकै राखेर भ्रष्टाचारबारे खुलस्त टिप्पणी गरेको पाइयो, जुन राम्रो कदम हो । मैले आज भन्न खोजेको प्रसंग यो होइन । समग्रमा भन्नु पर्दा अग्निचक्रका प्रकाशित सामाग्री सबै जसो राम्रै नै छन् र फाइल गरेर राखिरहने खालका छन् । सबैजसो उपयोगी नै छन् त्यसमा पनि पेज ३७ मा प्रकाशित चाणक्यका उपयोगी कथनहरू आधा पेज मात्र प्रकाशित भएको रहेछ, कृपया त्यसलाई कन्टीन्यू गर्नु पर्‍यो भन्दै बडादशैंको शुभकामना भन्छु, जय नेपाल ।

**— नीलहरि माथेमा**
चितवन, गीतानगर



**विजया दशमी, दीपावली, छठपर्व २०७५ एवं नेपाल सम्वत् ११३९ को शुभ उपलक्ष्यमा समस्त नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं**



LIVE WHERE YOU BELONG

ग्रान्डी टावर, ग्रान्डी हस्पिटल, ठैव, सानेपा, कौसलटार, छाउनी, विजेश्वरी लगायतका स्थानमा कोलोनी निर्माण सम्पन्नपछि हामी सल्लाघारी कोलोनी भक्तपुरलगायत अन्य विभिन्न ठाउँमा आकर्षक कोलोनी निर्माणमा जुटिरहेका छौँ ।

CE
CONSTRUCTION PVT. LTD.
www.cerealestate.com.np

दृष्टिकोण

# आधुनिक समाज र धर्मको बुझाइ



**चाहे हिन्दू, चाहे मुसलमान, चाहे क्रिश्चियन, चाहे बौद्ध सबै परमात्मा एउटै  हुन् । सबैका रितिरिवाज भाषा अलग अलग छ तर धर्मले भनेका कुराहरू एउटै छन् ।**


■ माधव बानियाँ

मानिसको मनलाई एकाग्र गराउने काम धर्मले गर्दछ । मानिसको विचार मस्तिष्क मानिस अनुसार फरक फरक हुन्छ । फरक फरक मनस्थितिले फरक अनुभूति गर्छ । तसर्थ, एक ठाउँमा केन्द्रित गराउने वा एकाग्र गराउने काम धारणा हो । कुनै मानिसलाई प्रकृतिको चिन्तन गर्दा मन एकातित्र हुन्छ  होला भने कसैलाई भौतिक वस्तुको, कसैलाई आध्यात्मिक विचारले भने कसैलाई मनोरञ्जन अर्थात् यी विषयवस्तुको धारणा गर्नु धर्म होइन । धर्म मानवीयता हो, मानवीयताले धर्म गराउँछ, धर्म भनेको उपकार हो । धर्म भनेको कल्याण हो । यसर्थ, धार्मिक भावना हुनुपर्छ भनी हामी विभिन्न कार्य गर्दछौं ।

पूजा, पाठ, जप, व्रत अर्थात् धार्मिक अनुष्ठान आदि आदि । यी कार्यले मानिसमा मनलाई एकाग्र गराउँछ वा यी कार्य गर्नाले मनले धारणा गर्दछ  तर वास्तवमा यी कार्यले धर्म हुँदैन । धर्म भनेको मानवीय भावना हो, धर्म भनेको ईश्वरको पूजा हो, ईश्वरको अनुशरण नै धर्म हो । ईश्वर भनेको सत्य हो । सत्यले कहिल्यै अरूको कुभलोको काम गर्दैन ।

धर्मले कसैको पनि अहित हुने काम गर्दैन, सबैको हित नै धर्म हो । यो पृथ्वी सबैको साझा फूलबारी हो । यो सुन्दर फूलबारीमा हामी मानवीय रूपी भमराले अरूको संस्कृति, भावनाको कदर गर्नु नै धर्म हो । मानिसको मन समुन्द्र जस्तै विशाल छ, मनलाई नियन्त्रण गर्न सक्यो भने मात्र त्यसले धर्म प्राप्त गर्छ ।

धर्मको शास्त्रीय व्याख्या यो हो की जसले अतृप्त रहेको जिवात्मालाई तृप्त तिर डो-याउँछ । जो दुःखी छ, अतृप्त छ उनीहरूलाई सुखको बाटो देखाउँछ । धारण



धर्म योग्य वस्तु नै धर्म हो । सत्य नै धर्म हो, धर्म नै सत्य हो । सत्यलाई सम्झेर-बुझेर धारणा गर्ने अर्थात् सत्यलाई आत्मसात गर्नु नै धर्म हो । यो संसारको दुःख रूपी जन्म मरणको चक्रबाट आत्मालाई मोक्ष दिलाएर पूर्णब्रह्म परमात्माको त्यो पूर्ण अविनाशी दिव्य परमधाममा लगेर अखण्ड सुख शान्ति दिलाउनका लागि धर्म गरिने गरिन्छ ।

धर्मको पौराणिक ग्रन्थ ऋग्वेद र अरू तिनै वेद सहित शास्त्र पुराणादि यी सबै प्राप्त ग्रन्थहरूलाई पौराणिक ग्रन्थ भन्नु पर्छ । कुनै पनि लौकिक, पारलौकिक, धार्मिक, सामाजिक-पारिवारिक र सेवा कार्यहरूमा मनतन र धर्मले अथवा मन, वचन र कर्मले सेवा गर्नु नै धर्म हो । समग्र विश्वब्रह्माण्ड सहित जलचल, नभचर, थलचर चौरासी लाख योनी सम्पूर्ण प्रवृत्ति नै परमात्माका वृत्तिहरू हुन् । त्यसमा मानवजीवन सर्वोत्कृष्ट वृत्ति हो भन्ने भनाइ छ ।

धर्ममा मूर्तिपूजाको महत्वपूर्ण स्थान छ । मानव मन चंचल हुन्छ । मन्दिर भनेको मनलाई स्थिर गर्ने एक पवित्र स्थान हो । जसले हाम्रो पनि मन शुद्ध हुन्छ अनि हामीमा सकारात्मक विचारहरूको विचार सृजना हुन थाल्छ । सत्य भनेको अविनाशी र अविनाश नाश हुन्छ । धर्म भनेको गन्तव्य स्थल हो, धर्म सत्य हो । आरती गर्नु भनेको परमात्माको दिव्य विग्रहको दर्शन गर्नु हो ।


प्रणामी भनेको विनम्रताको प्रतीक हो जसको अर्थ नमन, नमस्कार, अभिवादन हो, जसमा प्रेम र श्रद्धा झल्किन्छ, जुन साना-ठूला गुरू, आमा, बुबा, सबैलाई गर्नु पर्छ । जुन करोडौं बराबरको हुन्छ ।

भक्ति भनेको निरन्तर परमात्माको चिन्तन मनन स्मरण गर्नु हो । देशका अलग अलग झण्डा हुन्छन्, जुन देशको प्रतीक हुन्छ । त्यस्तै टीका, चंदन लगाउनु शितलताको मंगल र शुभलाभको प्रतीक मानिन्छ । चाहे हिन्दू, चाहे मुसलमान, चाहे क्रिश्चियन, चाहे बौद्ध सबै परमात्मा एउटै  हुन् । सबैका रितिरिवाज भाषा अलग अलग छन् तर धर्मले भनेका कुराहरू एउटै छन् ।

# Great Leader having Conscience Character



✍ Durga Prasad Acharya




Mr Dil Bahadur Shrestha is a respected leader who has truly displayed conscience, compassion and commitment. Despite not being physically present today, his contributions to the country are still prevalent; his courage, skill and dedication is still talked about by many.

A man of much strength, a visionary, he has shared his faith with all who knew him. A god-gifted leader with a rational mind-set and a kind heart, he was widely recognised throughout Nepal, especially in Sunsari District, where he was addressed as 'Sane Babu'.

He was the leader who showed genuine concern towards his people at the time of need. A man combined with fine intellect, an indomitable energy, and a taste. In this way , I have known him and highly impressed by him all the way .

A highly reliable figure to Royal family from King Tribhuvan to Gyanendra, as well as great leaders such as Ganesh Man Singh and B.P. Koirala, was much impressed by him. Hence as his name suggests Dil Bahadur Shrestha is truly the 'Dildaar' Public figure.

During my childhood, From Khotang District, my parent had taken me to Eastern Nepal Morang, Sijuwa-5, Kadupada (Now: Ratuwamai Municipality-6). I was admitted to a local school and ever since my first day there, I got to hear was praises of Sane Babu's generosity and genuineness. Even my parent used to tell me that he was a reliable candidate for the Royal family and widely known public figure. It was evident that he was truly an action-oriented leader in the village.

At present the father of my Chairman/MD of Agni Group, 'SANE BABU' is not with us but his contributions have made him eternal. My heartfelt condolence and prayers to God. May his departed soul peace in heaven.


## भावपूर्ण श्रद्धाञ्जलि

जन्म :
वि.सं. १९९४ जेठ २७



स्वर्गारोहण :
वि.सं. २०७५ आश्विन ११

*स्व. सुभद्रा देवी शर्मा*

हाम्रा अनन्य मित्र समेत रहनुभएका वरिष्ठ समाजसेवी एवं युवा उद्यमी 'अग्नि ग्रुप' का कार्यकारी निर्देशक तथा 'बालाजु अटो वर्कस्'का प्रबन्ध निर्देशक श्री अर्जुनप्रसाद शर्माज्यूकी पुजनीय माता **श्रद्धेय सुभद्रा देवी शर्मा**को असामयिक स्वर्गारोहण भएकोले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारमा धैर्यधारण गर्ने शक्ति प्रदान गर्न भगवान्सँग प्रार्थना गर्दछौं ।

**दुर्गाप्रसाद आचार्य**

*फाउन्डर-चिफ एडभाइजर तथा*

**अग्निचक्र राष्ट्रिय मासिक परिवार**




# आइएमईको २० लाख

नेपालको नेतृत्वदायी रेमिटेन्स सेवाप्रदायक कम्पनी आइएमईले २०७५ सालमा मनाइने पर्वहरू दशैं, दीपावली र छठलाई लक्षित गर्दै सेवाग्राहीमुखी प्रवर्द्धनात्मक कार्यक्रम **दशैंमा बिस लाख** योजना सार्वजनिक गरेको छ । यो योजना २०७५ साल असोज ७ गतेदेखि शुरू भई २०७५ साल मङ्सिर मसान्तसम्म लागु हुनेछ भने योजना अवधिमा विदेश तथा स्वदेशबाट आइएमई गर्ने सम्पूर्ण सेवाग्राही सहभागी हुनसक्नुहुनेछ ।

आफ्नो स्थापनाकालदेखि नै विभिन्न सेवाग्राहीमुखी र व्यावसायिक साझेदारमुखी योजना सार्वजनिक गर्दै आइरहेको आइएमईले यसपालीका पर्वहरूमा देश विदेशमा रहनुभएका लाखौं सेवाग्राहीहरूलाई लक्षित गरी यो प्रवर्द्धनात्मक योजना सार्वजनिक गरेको हो ।

योजना अवधिभर गरिएको ट्रान्जेक्सनलाई आइएमईको सफ्टवेयर पद्धतिमा लिङ्क गरि 'लक्की ड्र' बाट छनोट हुने विजेताहरूमध्ये हरेक दिन १० जना भाग्यशाली सेवाग्राहीलाई 'आइएमई पे' मार्फत १ हजार रूपियाँ को बिल भुक्तानी, हरेक हप्ता १ जना भाग्यशाली सेवाग्राहीलाई १० हजार रूपियाँ नगद, हरेक महिना १ जना भाग्यशाली सेवाग्राहीलाई १ लाख रूपियाँ नगद तथा बम्परमा १ जना भाग्यशाली सेवाग्राहीलाई २० लाख रूपियाँ नगद प्रदान गरिनेछ ।

नेपाली समुदायमा मनाइने विभिन्न सांस्कृतिक पर्वहरूमा आफ्ना लाखौं सेवाग्राहीहरूको भावनालाई मध्यनजर गर्दै यस्ता प्रवर्द्धनात्मक कार्यक्रम संचालन गर्ने परम्परा आइएमईले आफ्नो स्थापना कालदेखि नै गर्दै आइरहेको छ ।

'लक्की ड्र' बाट छानिएका विजेता सेवाग्राहीहरूको सिफारिस बमोजिम नेपालमा बस्नुहुने आफन्तलाई समेत पुरस्कार प्रदान गरिनेछ । सेवाग्राहीले आइएमईको जुनसुकै एजेन्ट संजालमार्फत् रेमिटेन्स कारोबार गरेको भौचरको सक्कल कपी योजना अवधिसम्म सुरक्षित राख्नुपर्नेछ । आइएमईमा कार्यरत कर्मचारी, संस्थापक, एजेन्ट संचालक तथा आइएमई सम्बद्ध कुनै पनि व्यक्ति यो योजनामा सहभागी हुन पाउनुहुने छैन ।

विजेताले प्राप्त गर्ने पुरस्कार राशीमा नेपाल सरकारको नियमानुसार लाग्ने कर कट्टी गरिनेछ । योजनाको सर्वाधिकार यस कम्पनीमा निहित हुनेछ । विस्तृत जानकारी कम्पनीको आधिकारिक वेवसाइट, सामाजिक संजाल, सहकार्यमा रहेका एजेन्ट साझेदार, क्षेत्रीय सम्पर्क कार्यालय एवम् प्रतिनिधि, विदेशस्थित सम्बन्धित कार्यालय, केन्द्रीय कार्यालय एव संचार माध्यम मार्फत् प्राप्त गर्न सकिनेछ ।



# नवकान्तिपुरको २१ औं वार्षिक साधारण सभा सम्पन्न

वि.सं. २०५४ सालमा स्थापना भएको यस नवकान्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको २१औं वार्षिक साधारण सभा तथा २१औं वार्षिकोत्सव समारोह यही २०७५ आश्विन ७ गते आइतबार राष्ट्रिय सहकारी महासंघका अध्यक्ष केशवप्रसाद बडालको प्रमुख आतिथ्यमा धुम्रवराह पार्टी प्यालेस, धुम्बाराही काठमाडौंमा सम्पन्न भयो । सभामा संस्थाका सञ्चालक समितिको तर्फबाट संस्थाका उपाध्यक्ष वसन्त पौडेलले संस्थाको आ.व. ०७४/७५ को वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभयो ।



संस्थाका उपाध्यक्ष पौडेलले आ.व. ०७४/७५ को असार मसान्तसम्ममा संस्थाको कुल निक्षेप रु २ अर्ब ५ करोड ८९ लाख ८५ हजार २८८ कायम भएको र कर्जा लगानी रु १ अर्ब २४ करोड ११ लाख ३० हजार ८१७ पुगेको जानकारी गराउनुभयो । त्यस्तै संस्थाको चुक्ता पुँजी रु ६ करोड १८ लाख ९३ हजार ८ सय रहेको छ भने जगेडा तथा अन्य कोषहरू रु १२ करोड ५८ लाख २५ हजार ७०१ रहेको छ र संस्थाको सञ्चालन बचत (मुनाफा) रु ४ करोड ३३ हजार ६३४ कायम भएको जानकारी दिनुहुँदै संस्थाले आ.व. ०७४/७५ को मुनाफाबाट सदस्यहरूलाई १८ प्रतिशतको दरले लाभांश वितरणको लागि प्रस्ताव गर्नुभयो । कार्यक्रममा संस्थाका कोषाध्यक्ष तथा प्रवन्ध सञ्चालक शिव प्रसाद सिटौलाले आफ्नो स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै लक्षित क्षेत्रमा छरिएर रहेको अनियन्त्रित पुँजीलाई एकत्रित गर्दै उत्पादनशील क्षेत्रमा लगानी गरेर सहकारी क्षेत्रले देशका न्यून तथा मध्यमवर्गीय समाजमा उल्लेखनीय योगदान पुर्‍याएको चर्चा गर्नुहुँदै संस्थाले आगामी दिनहरूमा थप प्रगतिको लागि प्रयत्नरत रहने बताउनुभयो । सो अवसरमा संस्थाले आफ्नो सेवालाई विस्तार गर्दै **नवकान्तिपुर एटिएम** सञ्चालनमा ल्याउन लागेको जानकारी गराउनुहुँदै आगामी दिनमा संस्थाले आधुनिक सहकारीताका मूल्य-मान्यताहरूलाई अझ ठोस रूपमा व्यवहारमा उतार्ने जानकारी गराउनु भयो ।

कार्यक्रमका प्रमुख अतिथि तथा राष्ट्रिय सहकारी महासंघका अध्यक्ष केशवप्रसाद बडालले संस्थाको प्रगतिको शुभकामना व्यक्त गर्नुहुँदै सहकारी संस्था सदस्यहरूको स्वायत्त संस्था भएकोले यसको विकास र नियमनको लागि यसका सदस्यहरूले नै सक्रिय भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो । साधारणसभामा संस्थाका सदस्यहरूले संस्थाले सदस्यहरूको हितमा गर्नुपर्ने कार्यहरूको सम्बन्धमा आ-आफ्नो राय सुझाव प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा संस्थाले १५ वर्ष संस्थामा निरन्तर कार्य गरिरहनुभएका सात जना कर्मचारीहरूलाई रू. ७५००१/- नगद पुरस्कार सहित दीर्घ सेवा पदक २०७५ द्वारा पुरस्कृत गर्‍यो । साथै सो साधारण सभाले आगामी ४ वर्षे कार्यकालको लागि सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको निर्वाचन सम्पन्न गर्‍यो । जसमा सञ्चालक समितिका अध्यक्ष शिवप्रसाद सिटौला, उपाध्यक्ष वसन्त पौडेल, सचिव मुकुन्द राज पाण्डे, कोषाध्यक्ष सविना ढकाल, सदस्यहरूमा विद्यालक्ष्मी बज्राचार्य, जानुका कँडेल र निर्मला सेढाई रहनुभएको छ । त्यस्तै लेखा सुपरिवेक्षण समितिको संयोजक सीए बद्री सेढाई तथा सदस्यहरूमा इन्दिरा थपलिया, मेनुका ताम्राकारलाई सर्वसम्मतिले चयन गरिएको शाखा प्रबन्धक हरि प्रसाद पाण्डेले अग्निचक्रलाई जानकारी दिनुभयो ।



**२०७५ सालको विजयादशमी, शुभदीपावली तथा छठ पर्व**
**को शुभउपलक्ष्यमा समस्त नेपाली दाजुभाइ**
**तथा दिदीबहिनीहरूमा**
**हार्दिक मंगलमय**
**शुभकामना !**



**पीताम्बर आचार्य**
कार्यकारी निर्देशक




**कैलाश रिजाल**
निर्देशक

**विकास आयोजना सेवा केन्द्र (डिप्रोक्स) नेपाल**
**Development Project Service Centre (DEPROSC) Nepal**

**विजया दशमी, दीपावली तथा छठपर्व २०७५**
को पावन अवसरमा सम्पूर्ण कर्मचारी, ग्राहक सदस्य र यस
वित्तीय संस्थाप्रति प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सरोकार
राख्नुहुने महानुभावहरूमा सुख, शान्ति र सम्मृद्धिको
कामना गर्दै हार्दिक मंगलमय
शुभकामना अर्पण गर्दछौं ।

**अमृत प्रसाद रूपाखेती**
का.मु. प्रमुख कार्यकारी अधिकृत
एवम्
**नाडेप लघुवित्त वित्तीय संस्था लि. परिवार**
गजुरी–१, धादिङ



# SPIRITUAL FELLOWSHIP (SATSANG)

Dr. YB Shrestha Malla

**SB:** In my travels round the world I met about 100 persons who have influenced thousands, now may be more. I tried to answer their questions, some of which may be useful to you. Some of the suggestions were the following:

**1. Don't overdo anything.**

**SB:** A few days ago you were given some task. While trying to do this properly, you overdid it and spoilt your work! For example, you wrote too many pages unnecessarily and by doing so, you lost yourself in details! *Compare yourself with your fried:* He writes only most essential things, relevant to the subject, not a word more or less than required.

2. You speak too much when too little is required.

3. You do not know the *art of conversation.* One of the famous English writers told his students, "**Reading** makes you wise; **writing** ready and **speaking** perfect!" Of course, in the beginning nobody is perfect. There are good as well as bed things in everybody. Maintain your good things, but reject bad ones. *There are life- words and Death-words. Use only Life - words whenever possible.*

"To brood over worldly matters is to lack of faith in God: "God is guiding us; He is always with us; He will make everything all right, if we do the best" -- this feeling you must have…

My faith that "Everything is God's will" has given me satisfaction… As a matter of fact if you want God, you must offer Him your total surrender and total repentance. Then All-merciful, All-Powerful God may give you the *Flash* any moment.

Do not attach too much importance to your official life than to your personal life; in fact you should do the reverse in your office. This means that you should subordinate your personal life to God-Worship. I repeat -- total surrender and total repentance -- that is what is required from you. Worship God. This lessens your trouble. Always have patience. (TO one VIP general who had the habit of disrespecting his juniors): Know that only when you respect others as representatives of God, then your problems will end and you will get the vision of God.

4. You Should cultivate pleasant ways of speaking to all people with whom you come in contact, specially your juniors. You have also a tendency to become angry with friends who point out your defects, especially during review sessions. Instead you should be grateful to them and thank them.

**Dive deep within yourself** and find out the root cause of your mistakes and correct yourself. I have given you so much Teachings! The best advice for you now is just like prescribing medicine for a dying man! Let me repeat: stick to your Duties only. God will look after you.

5. Pray for yourself. You have the right to pray for yourself alone. He knows what you want. He will give you what you need! There is perfect Law and order in this world: evil doers are automatically punished and good- doers are automatically rewarded.

**The most important thing is: Cure yourself first.** If you yourself are suffering from a deadly infectious disease, you have no right to try to cure others. Even if you are a doctor, you must know this well. Remember the saying, *"Physician, heal thyself first".*

(*To one sincere devotee*): Like all seekers, though you have many defects, you have one positive factor: that is, you are sincerely interested in **RL**. Maintain it. If you have a genuine feeling of living **RL**, you may realize Him in this very life!

*To one professor of philosophy:* Previously you did not want a **Master**. You had almost gone mad! Later, you got him; and then you came to know "God has been so kind to you". He has given you a **human body**, wife and children. Look after them properly ad God's work entrusted you. You must save them, event at the cost of your life. However, if they go against you and make your life impossible, you can very well abandon them also.

**Q. Sir, I try very much to be successful, but cannot succeed! Why?**

A: Because you are neither consistent nor persistent enough in your Quest! Continue to live **RL**. You will certainly succeed!

**Regarding meditation:** First and last thing to do is try **to merge yourself in God** just like when you are waiting for sleep. Do you know what Buddha did finally? He left everything, even eating. Some devotees even stop breathing, because God is not coming to them!

**Q: What should I do to learn your Teachings properly?**

**SB:** Come to me with a specific question, get an answer, and be off. No general question anymore.

Regarding God-Realisation, **Dhruva** was only a boy of 5, but he saw God after doing severe struggle, for only 6 months! This shows that if you are sincere, *without any other requirement, and even when you are a child God- Realisation is possible.*

When **Dhruva** visualised God as per his prayer, he could not believe his eyes! Being a mere child, he did not know how to pray also! Only after God touched his cheek with His conch, all knowledge rushed to him like flood; then he could pray! What a great devotee was he! Not only he got what he wanted, but got the rulership of **Dhruvalok** as well.

Another devotee was **Prahlad**. He was a boy of 8-10 year old only. But he had surrendered himself totally to God. His father, Hiranykashyapu, the Asur King, tried all means of torture and at last even wanted to kill his own son, himself! God manifested as half-animal-and-half-man creature. Biologically this was not possible at all! But when God wants to do something, the impossible becomes possible! Prahlad had become the personal property of God Himself! How can His devotee die? God had to go beyond the laws of Nature!

Pralhad was saved, and His father was killed by GOD. Incidentally Prahlad's sons, *Prachretaas*, realized Him only after 10,000 years!

**Therefore God's will is supreme.** You must be positive. Always keep yourself cheerful. Remember: God wants you to struggle sincerely: If you do so, He will make you succeed automatically.

(*About some other friends*): Your friend has a good mind but also some silliness. But he has *innocence*, which is a *divine* quality. Another friend has *devotion*, but his parsimony may stand in his way.

All are incarnations of God. Blame nobody. All for the good. The blows you are getting now are for your lust, jealousy, anger, arrogane etc.

Don't forget that harsh words create life-long enemies; so they should not be uttered at all. Even criticisms/contradictions should be uttered softly and sweetly.

I know that it is quite difficult not to be angry with wrong people. But you must know that if a policeman arrests you for your wrong-doing, you should blame the Ruler not him. Similarly you should blame God, if you must. Also you must never forget that *all miseries and failures in your present life are your own children, results of your own past actions;* now they are meant for your correction. This is equally true for your present happiness also; it is the reward for your past meritorious actions.

**Q: What is a must for God-Realisation?**

**SB:** All interest and love for **worldly life** should go. Meanwhile you must know that this Body-house is burning: so try to save as many articles of Devotion & Discrimination as possible.

You must always do **Charity;** it expands your mind. Other **Moral Virtues, Intelligence** etc. bring stability; they are followed by material and positional expansion.

*Remember: For all the evils, we are responsible; for all the good, God is responsible.*

*****

You must make a habit of **Praying** to God everyday.

For example, before you go to bed pray," O Lord, I could not give ample time to you today. Please let me be able to give more time to you since tomorrow". God will look after you. Then your worldly activities to yourself and others *(byabahaar/behavior)* becomes less and less defective to disappear soon.

*Thinking of GOD with pain is much more valuable than thinking of Him with pleasure.* Actually pains and sorrows are our friends; they help us to turn our minds to God. Ultimately one should be mad like Ramakrisna Paramhamsa for God.

**SB:** Always remember that Work may be small or big. Do it correctly and successfully -- that is all. *Humility* should be cultivated.

Also remember, *women's weeping and man's laughter should not be believed.*

*****

**Q: I have been collecting your Teachings; I like to write a book based on them.**

**SB:** Everything you write must come under Right **Knowledge**, Right **Morality**, Right **Action (KMA Complex)** and also Right **Devotion**. Write only a little first. Correct it; re-correct it after reflection and re-reflection. Wait till you have made it a thing of beauty and joy forever. Suppose your first writing consists of 1000 words. Later you may find that 100 or even 10 words will do. Even drawing a straight line may not be correct in the beginning. Draw it slowly, consciously and concentratedly; then it becomes perfect. Shakespeare said *somewhere that brevity is the sould of wit.* You know it, *don't you*?

*Then SB said: "Knowing useless or harmful nature of your work/duty, do your Duty first, then rest of your time think of God: that is all. Very easy! you need not think of any other thing at all!*

He illustrated with the story of a disciple who lost the needle for which he was sent to the market. Don't try to overdo.

*He repeated: It matters little whether or not your work is small; but you must fulfil it rightly. That is the important thing.*

Another very important thing which you must remember constantly: keep your Mind always occupied with God-thoughts. If you keep it empty and unoccupied, you must not complain that you are troubled by failures, anxieties and fears. Cold wind, dust or rain will certainly enter your room, if you keep your "window"s open.

You have committed many sins in your past life/lives. So God has put you in this jail of the world. If you behave well here, He will be pleased and release soon. Your Duty is to continue the Quest of God despite all pains and pleasures.

**Q: Please tell me the truth about Vedanta.**

**SB:** One chief disciple of Swargadwari told me that this world is a dream and does not exist. I countered, "No. Even a dream exists. For example, you dreamt that you have died! After waking up, even though you know that it was a dream, you still feel the fear of death." You people say, "snake in the rope; it is not true!" Yes, but the feeling of fear of the snake keeps disturbing you, even when you are awake!

Therefore **Vedanta** is inadequate but not useless just as the alphabets "a-b-c-d" of your childhood is not useless; but of course it is inadequate! Therefore the **Adwaitic Assertion** that everything is God **(Sarvam Hamidam Brahma)** is inadequate and therefore has no ultimate value; ultimate value is only in Inquiry.

**Devotion (Bhakti)** too is good but inadequate; **Inquiry** is different and superior; only few people realize this.

**Q: Last time you said that I struggle. And much ego came to me!**

SB: This consciousness that egoism came to you is a sign of progress. **What** is all this? **How** all these objects have come? **Who** created this? etc. These thoughts can keep you occupied for a long time.

*****

| SB = Shivapuri Baba | RL = Right Life |
|---|---|

# नेपालमा साहित्य सिर्जना आत्मसन्तुष्टिको लागि मात्रै हो



*त्रिभुवन विश्वविद्यालय, पद्मकन्या बहुमुखी क्याम्पसका नेपाली विषयका सहप्राध्यापक* **डा. विदुर चालिसे** *एक सुपरिचित नाम हो । काठमाडौं जिल्ला गोकर्णेश्वर नगरपालिका –९, आरुबारीमा जन्मनुभएका, उहाँको कलम कविता, कथा, समालोचना तथा भाषा अनुसन्धानमा चलेको पाइन्छ । उहाँलाई आधुनिक नेपाली गद्यकविताका प्रगतिवादी चेतका यथार्थवादी धारका पक्षधर कवि मानिन्छ । आफ्नो लेखनीमा प्राय प्रकृति, जीवन र प्रेमबारे अत्यन्त शालीन शैलीमा समाजका विकृति तथा विसंगतीप्रति व्यङ्ग्य गर्दै जनजीवनको अभाव, पीडा तथा छटपटीमा व्याप्त जीवनको सङ्घर्षशील चित्र उतार्न मूलत सफल कविका रूपमा चालिसेलाई चिनिन्छ भने अनुसन्धानका क्षेत्रमा उहाँले अभिलेखीय नेपाली भाषाको व्याकरणमा गहिरो अध्ययन गर्नुभएको छ । नेपाली भाषाको व्याकरणको लिखितपरम्पराको क्रमिक विकासमा आएको तथ्य प्रमाणिकरण उहाँको अनुसन्धानको मुख्य विषय हो । अग्निचक्र मासिकले विविध विषयमा उहाँसँग गरेको कुराकानी यहाँ प्रस्तुत गरिएको छ ।*

**साहित्यमा कहिलेदेखि लाग्नुभयो ?**

– वि.सं.२०३०/३१ तिर आफ्नै जन्मस्थान आरुबारीस्थित ग्राम निर्माण बन्धु मण्डल क्लब थियो । सो क्लबले वार्षिक रूपमा विभिन्न साहित्यिक गोष्ठीको आयोजना गर्नुकासाथै आख्यानकार रमेश विकलका पौराणिक तथा ऐतिहासिक नाटकहरूको मञ्चन गर्दथ्यो । त्यहाँ प्रदर्शन हुने नाटकहरूको साजसज्जा नमूनाहरूको तयारी, निर्माण एवं व्यवस्थापन गर्न मलाई दिइन्थ्यो किनभने मलाई सानैदेखि माटोका मूर्तिहरू, ढुङ्गाका मूर्तिहरू, रङ्गिन चित्रहरू तथा कागजका खेलाउने बनाउने चाख थियो । सोहीअनुसार सानैदेखि आख्यानकार रमेश विकलसँग पारिवारिक सम्बन्धका कारण उहाँले गरेका कलाकारिता तथा साहित्यकारिताले मलाई एक खालको प्रभाव र प्रेरणा पनि दिइरहेको थियो । मेरो स्वभावलाई पहिचान गरेर खासगरी आख्यानकार रमेश विकलले स्थानीय रूपमा आयोजित विभिन्न कार्यक्रमहरूको साजसज्जा सजावट, कार्यक्रम आयोजक तथा नाटकका पात्रहरू भएर सहयोग गर्न मलाई भन्नुहुन्थ्यो भने विशेष रूपमा कलाकारिता एवं साहित्यिक लेखनका लागि मलाई प्रेरणा दिनुहुन्थ्यो । यसै क्रममा मैले वरिष्ठ कलाकार मनोजबाबु मिश्रसँग उहाँकै सहयोगमा अनौपचारिक रूपमा नौ महिनाजति चित्रहरू बनाउन सिक्ने अवसर पनि प्राप्त भयो ।

स्थानीय स्तरमा हुने गरेका साहित्यिक तथा अन्य साहित्यिक घुम्ती गोष्ठीहरू, २०३४ सालतिर स्थापना भएको उत्साह पत्रिका र सो पत्रिकाका माध्यमबाट आयोजना हुने साहित्यिक कार्यक्रमहरूका साथै काठमाडौंको पूर्वोत्तर भेगमा हुने साहित्यिक कार्यक्रमहरूले मलाई साहित्य लेखनमा झन् गहिरो प्रभाव पार्‍यो भने त्यतिबेलासम्म रचनाहरू लेख्ने, सुन्ने, सुनाउने तथा देश विदेशका उन्नत स्तरका लेखकहरूको कृतिहरू पढ्ने प्रयास र प्रयत्नहरू क्रमिक रूपमा अगाडि बढ्दै गए ।

**साहित्य लेखन कुन विधाबाट सुरू भयो र कसरी प्रकाशमा कहिलेदेखि आए ?**

– प्रारम्भमा मेरो लेखन कविता विधाबाटै शुरु भएको हो तापनि कथा लेखनमा पनि सँगसँगै कलम चलाउँथें । समयक्रममा उत्साह पत्रिकाले साहित्य लेखनका लागि मलाई जति उर्जा थपेको थियो त्यति नै उर्जा ग्राम निर्माण बन्धु मण्डल क्लब आरुवारी, बौद्ध पुस्तकालय बौद्ध पीपलबोट तथा मित्र वाचनालय चावहिलले पनि गरेको छ । ती पुस्तकालयहरूमा हुने विभिन्न साहित्यिक सन्दर्भका आयोजित साहित्यिक कार्यक्रमहरूमा रचना वाचनका अवसरहरू प्राप्त थिए । सबैभन्दा पहिला मैले सम्झेसम्म २०३३ सालको माघतिर बौद्ध पुस्तकालय बौद्ध पीपलबोटमा स्थानीयस्तरका लेखकहरू जम्मा भएर एउटा साहित्यिक कार्यक्रमको आयोजना भएको थियो । सो कार्यक्रममा मैले "विदेशको रिक्सा" भन्ने कथा वाचन गरेको थिएँ । लेखनका हिसाबले कविता तथा कथाहरू लेख्दै गरेको भएपनि पहिलो सार्वजनिक रूपमा वाचन गरेको रचना चाहिँ सोही कथा थियो । प्रकाशनका दृष्टिले २०३५ सालको स्वदेश पत्रिकामा प्रकाशित पहिलो कविता 'आमा' हो भने वि.सं. २०४३ सालको 'देउराली' मा प्रकाशित 'यो गीत त मान्छेले गाउनुपर्छ' भन्ने कथा पहिलो हो ।

**साहित्यिक कृतिहरूको प्रकाशन कहिलेदेखि भए र कुन कुन छन् ?**

– साहित्य साधनाको निरन्तरता कायमै थियो । आफ्ना औपचारिक शिक्षा प्राप्तिका अवसरहरू पनि जुट्दै जानेक्रममा २०३७ सालमा स्थापना भएको पशुपति क्याम्पसकै पहिलो वर्षको विद्यार्थी हुने अवसरहरू प्राप्त भयो । यसै क्रममा साहित्यिक वातावरणहरू थप विकास हुँदै गए भने आफूले विभिन्न समयमा सिर्जना गरेका कविताहरूको संगालोको रूपमा २०४७ सालमा युगबोल्छ भन्ने कवितासंग्रह प्रकाशित हुनपुग्यो । यसपछि २०५१ सालमा ग्रिसेली मिथमा आधारित एउटा आशावादी पात्र 'सिसिफस' को कथ्य केन्द्रमा रहेर लघुकाव्यको प्रकाशन भयो ।

**यसबाहेक अरू साहित्यिक कृतिहरूको प्रकाशन भएनन् ?**

– आफ्ना जीवनका यावत व्यस्तताका बीचमा फुटकर रूपमा कविता, कथा, लघु नाटक तथा साहित्य तथा भाषा समालोचनासम्बन्धी सिर्जनाहरू गरेर विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित गरेपनि पुस्तकाकार कृतिको रूपमा लामो समयसम्म आउन सकेन । वि.सं. २०७० सालमा एकै चोटी प्राचीन अभिलेखीय नेपाली भाषाको व्याकरणसम्बन्धी अनुसन्धानात्मक पुस्तक 'अभिलेखीय नेपाली क्रिया' र 'ऐतिहासिक नेपाली अव्यय' भन्ने कृति प्रकाशित भयो । यी सिर्जनात्मक तथा अनुसन्धानात्मक कृतिहरू बाहेक वि.सं. २०७४ मा प्रकाशित 'सेनेगल( कवितासंग्रह)' तथा अभिलेखीय नेपाली व्याकरणको इतिहास(अनुसन्धान ग्रन्थ) जस्ता कृतिहरू रहेका छन् । यस वर्ष अभिलेखीय नेपाली व्याकरणको थप महत्वपूर्ण अनुसन्धानात्मक कृतिको रूपमा 'अभिलेखीय नेपाली नामधातु(२०७५)', सिर्जनात्मक कृतिको रूपमा 'स्मृतिका पहाड(कवितासंग्रह) २०७५' तथा 'कोशीका उडान(कवितासंग्रह) २०७५' पनि प्रकाशित भइसकेका छन् ।

**सिर्जनात्मक लेखन र अनुसन्धानात्मक कामलाई सँगसँगै लैजान कठिन छैन र ?**

– सिर्जनात्मक कार्य व्यक्ति विशेषको निजी विषय हो भने अनुसन्धानात्मक काम तथ्यहरूका प्रमाणिकरणबाट प्राप्त हुने सार्वजनीन विषय हो । साहित्य सिर्जनाका लागि विषयवस्तु, भावुकता र शैलीगत ढाँचाहरू भए सिर्जनात्मक लेखनको कार्य अगाडि बढिहाल्छ, बढिरहन्छ । यसका लागि कुनै सर्जकले कुनै प्राविधिक विधिहरूको चाह र आवश्यकता नराख्न पनि सक्छ तर अनुसन्धानको विषय त्यस्तो होइन । यसका लागि निश्चित विधि प्रकृयाहरू हुन्छन् । सत्यको पहिचान गरिनुपर्ने हुनाले अनुसन्धान सिर्जनात्मक कलाको तुलनामा बढी यान्त्रिक हुन्छ । यी दूवै क्षेत्रलाई सँगसँगै अगाडि बढाउन अति कठिन पनि छ । सावधानीपूर्वक अनुसन्धानका क्षेत्रमा लागिएन भने प्राप्त हुने निष्कर्ष र त्यसले समाजमा दिने सन्देश भ्रमपूर्ण एवं असहज पनि हुन्छ । त्यसैले सिर्जना कलामा भावुकताको अगुवाइ हुन्छ भने अनुसन्धानमा तथ्य निरूपणको प्राविधिक अगुवाइ हुन्छ । त्यसैले यी दुवैका आफ्ना प्रकृतिगत सिर्जना र व्यवस्थापनका स्वभावहरू छन् । यति हो, सक्दासम्म सर्जक वा अनुसन्धाताको क्षमताले

गुणात्मक ज्ञानको मूल्य निर्धारण गर्ने विषय चाहिँ पक्कै हो ।

**सिर्जनात्मक तथा अनुसन्धानात्मक विषयलाई कसरी संयोजन गर्न भ्याउनुभएको छ त ?**

– हजुर, यी दुवै विषयलाई संयोजन गरेर जीवनलाई अगाडि बढाउने काम वास्तवमा समयको व्यस्तताका बीचमा निकै चुनौतिपूर्ण नै छ । एकातिर सिर्जना गर्दा भावुकतालाई च्याप्प समाएर विषयवस्तुलाई कलात्मक ढङ्गले प्रक्षेपण गर्नुपर्ने काम र अर्कोतर्फ भावुकताका विपरित यथार्थपरक विषयहरूलाई खास विधिद्वारा निष्कर्ष दिएर प्रक्षेपण गर्नुपर्ने काम अत्यन्त जटिल छ । तापनि यी दुवै साहित्य सिर्जनाका विशेष र सामान्य अवस्थाहरू हुन् । सुरूसुरूमा प्रतिभाहरूका लागि कष्टपूर्ण रहे पनि अभ्यासहरू क्रमश एवं निरन्तर गर्दैजाँदा पछिल्ला दिनहरूमा छुट्टै आनन्दको अनुभूति प्राप्त पनि गर्न सकिने रहेछ । कहिलेकाँही सिर्जना र अनुसन्धानले भेद्यभेदकका रूपमा सर्जकहरूलाई नयाँ ज्ञान र अनुभव पनि हुने रहेछ । अभिलेखीय नेपाली भाषामा भएका तथा अध्ययन अनुसन्धानले दिएका भाषा व्याकरणका निष्कर्षहरूले मलाई साहित्य सिर्जनामा पूरक थप शक्ति प्रदान गरेका छन् भने साहित्य सिर्जनाले भावित गर्नसक्ने विषयहरूलाई अनुसन्धानका लागि प्रयोग गरिने तथ्यहरूका व्याख्याहरूलाई कलात्मक बनाउन सहयोग गरेका छन् ।

अब त बानी नै परिसक्यो, मेरो आफ्नो प्रतिभा प्रदर्शनका लागि पनि यी दुवै क्षेत्र एउटै सिक्काका दुईपाटाका रूपमा स्थापित भएका छन् । आफ्ना अधिकतम् समयहरूलाई जोगाउँदै यिनै क्षेत्रमा लगाएर मानिसको जीवनको सर्वोत्तम आनन्द लिइरहेछु भन्ने सन्तुष्टि प्राप्त भएका छन् । मुख्य कुरा मानिसले केही गरौं भन्ने अग्रगामी इच्छाशक्ति जागृत गराएर जाँगर चलाएमा सबै कुरा सम्भव हुन सक्छन् भन्ने मेरो दृढ मान्यताहरू पनि छन् । त्यसैले सिर्जना तथा अनुसन्धानको क्षेत्रमा काम गर्न भ्याइएको होला ।

**गद्यकविता लेख्न रूचाउने सुपरिचित गद्यकवि हुनुहुन्छ ? गद्यकवितामा के त्यस्तो अब्बल सकलता देख्नुहुन्छ ?**

– कवितालाई मूल रूपमा पहिचान गर्ने सारतत्व लय हो तथापि प्रचलित पद्यकविता, गजल एवं मुक्तक लगायतका कविता विधाका क्षेत्रमा लयले कवितालाई थिचेको हुन्छ । विषयवस्तु, भाव एवं ध्वनि संयोजनका विषयहरू लयमा संलयित भएर बाँकी विषयहरू प्रकटीकरण भइदिन्छन् । तर गद्यकवितामा बौद्धिकता र लय सारतत्वका रूपमा सँगसँगै आइदिन्छन् । यिनीहरूको लुकामारी प्रयोगको प्रधानताले नै गद्यकविता कहिले अलि बढी श्रुतिमधुर त कहिले अलि बढी बौद्धिकताका बीचमा दुर्वोध्य र दार्शनिक तहका बान्कीका धरातलमा रहन पुगिदिन्छन् । साथै कथ्यताका बीचमा बिम्बहरूले विषयबस्तुहरूलाई बाँधिदिन्छन् । तसर्थ, कविता लयको सोझो व्याख्यामा मात्र सीमित गरिनु हुँदैन भन्ने मान्यताका आधारमा यसलाई नयाँ व्याख्याको आवश्यकता पनि छ ।

मलाई यस्तै र यसै विषयहरूमा रमाउन मनलाग्छ त्यसैले मलाई कविता विधाका अन्य शैलीभन्दा गद्यकविता शैली रूचिकर र आनन्ददायक लाग्दछ । मेरा गद्यकविताहरूले आफ्ना विचारवान् कल्पनाहरूलाई विषयवस्तुको मेरूदण्डमा अड्याएर कलात्मक शैली एवं उन्मुक्त भावचेतनाका मार्फत जीवनजगत्का खास सत्यको रहस्योद्घाटन गरिदिनु अनि प्रस्तुत विषयमार्फत मानव समाजका खास अनुभूतिहरूलाई खास जीवनसँग प्रकट गराइदिनु नै हो भन्ने अर्थमा अर्थपूर्ण लाग्दछ । अर्को अर्थमा परिवेशमा रहेका प्रकृति, जीवन र प्रेम बीचको सम्मिलनबाट उत्पादित, विचार, घटना, आदर्श, मूल्य एवं मान्यताको चरम अनुभूतिमा उत्कर्षको मस्तिष्क प्रक्षेपण नै मेरो गद्यकविता हो ।

रूप फरक भए पनि गद्यकविता पनि कविता विधा नै भएकाले यसका विशिष्ट स्वशैलीगत प्रवृतिहरूको पहिचानसहित अब्बल कलाको सकल मूल्यमा पद्यकविताभन्दा पनि विशिष्ट रहेको छ । त्यसैले मेरो विचारमा गद्यकविता कविता विधाको विशिष्ट आदर्शले ओतप्रोत भएको बान्कीको अब्बल सकल साहित्य विधा हो ।

**गद्यकविता र अन्य कविता ढाँचामा के भिन्नताहरू छन् ?**

– गद्यकवितामा मात्रा वा अक्षर गणना गरेर खास ढाँचाको लयात्मक शैलीमा कविताको मोडलको रूपमा प्रयोग गरिदैन । यसका लेखकीय आफ्नै स्वशैलीगत ढाँचा एवं वाचन कलाहरू हुन्छन् । कविता संरचनाको वाक्यात्मक घटकहरूमा गरिने संचलन, विशेष शब्दहरूमा गरिने उच्चारण वा लयगत बलाघात, कृदन्तीकरणका आधारमा कवितात्मक वाक्यसंरचनाको संयोजन, कवितामा प्रयुक्त भाषाको संरचना भंगक्रम र शीर्षक र कवितात्मक सन्देशबीचको कसिलो भावव्यञ्जना यसको प्रमुख आधार हो भने यसलाई परम्परागत रूपमा मुक्त शैलीको रूपमा लिइन्छ । बरू 'एलाक' जस्लाई 'एक लाइन कविता' भनिन्छ । यस्ता कविताहरूका बान्कीहरूले भने चाँहि गद्यकविताका बान्कीहरूलाई साथ दिएको पनि देखिन्छ ।

त्यसै गरी प्रचलित गेयात्मक शब्दचयन र प्रयोग, प्राय अन्त्यानुप्रास विहीन, प्रतिकात्मकता अनि बिम्बहरूको प्रयोग यसको अर्को मान्यता हो । तर अन्य(पद्यकविता, गजल, हाइकु, तान्का) जस्ता कविताहरूका बान्कीमा अक्षर वा मात्रा गन्ने, ध्वनि पुनरूक्ती गर्ने, अन्त्यानुप्रास मिलाउने वा शास्त्रीय सूत्रहरूलाई प्रयोग गरिने काम




गरिन्छ । परम्परागत रूपमा यसलाई बद्ध शैलीको रूपमा लिइन्छ ।

**नेपाली गद्यकविताका प्रवृत्तिहरू के के छन् ?**

– गद्यकविताको प्रवृत्तिगत दृष्टिकोणले हेर्ने हो भने प्रारम्भदेखि हालसम्म क्रान्ति चेतनाका धरातलमा यथार्थवादी, प्रगतिवादी एवं समसायिकी प्रवृत्तिहरू निःशर्त रूपमा नेपाली कविहरूका गद्यकविताहरूमा अग्रगामी विषयवस्तु बनेर देखिएका छन् । तरपनि यस चेतका धरातलमा छेउकुनामा संलयित भएर आएका विकृति विसंगतीप्रति व्यंग्य चेत, कुण्ठीत एवं जटिल प्रस्तुती शैलीका कारण दुर्बोध्य कविताहरूले पनि परिवर्तनमुखी जीवनदृष्टिलाई आत्मसात गरेको देखिन्छ । मूलत नेपाली गद्यकविताको उर्बरताको अवस्था विभिन्न कालखण्डमा भएका जनविद्रोहको प्रमुख कारक तत्वका रूपमा रहेको छ भने जीवनका सापेक्षताका आवश्यकताहरूलाई आत्मसात् गर्दै नेपाली गद्यकविताले आफ्नो प्रवृत्ति र स्वरहरूलाई मूल रूपमा अँगालेको देखिन्छ ।

**आफ्नै गद्यकविताका प्रवृत्तिहरू के के हुन् ?**

– 'युगबोल्छ' भन्ने कवितासंग्रहमा प्रकाशित कविताहरूमा प्रगतिवादी चेतले ओतप्रोत भएका अनि प्रवृत्तिका रूपमा मूलत तत्कालीन समाजको विकृति विसंगतिप्रति आक्रोसका स्वरहरू उक्त संग्रहका कविताहरूमा देखिन्छन् । लघुकाव्यका रूपमा प्रकाशित अर्को कृति 'सिसिफसको श्रापित मांसपिण्ड' हो । यस काव्यमा मूलत नेपाली समाजको अस्तित्ववादी चेतनाको धरातलमा ग्रीसेली मिथमा रहेको 'सिसिफस' भन्ने पात्र जीवनप्रति आशावादी रहेको तर जीवनको उपलब्धी निराशामा गएर टुंगिएको कथ्यतालाई आधार बनाएर वर्तमान नेपाली समाजमा एउटा सतत् परिश्रमी पात्र कसरी परिस्थिति एवं परिवेशले उसलाई निराशामा बदलिदिन्छ भन्ने मान्यतामा आधारित रहेको छ ।

उक्त कृतिमा पनि अनस्तित्वप्रतिको मान्यतामा विरोध, विद्रोह एवं जीवनप्रतिको मूल्यबोधको प्रवृत्ति देखिन्छ । मूलत प्रगतिशील विचारको कलेवरमा रंगिएको उक्त कृतिले नेपाली समाजको विवशता, परम्परा र धार्मिक आस्थालाई 'सिसिफस' रूपी नेपाली जीवनको पात्र अस्तित्वबोधका लागि चुनौति भोगिदिन्छन् । 'सेनेगल', 'स्मृतिका पहाड' र 'कोशीका उडान' कवितासंग्रहमा आधुनिक नेपाली गद्यकविताको लेखकीय परिष्कारका रूपमा अगाडि आएको छ ।

यी तिनैवटा कवितासंग्रहहरूमा गद्यकविता शैलीका हिसाबले प्रकृति, जीवन र प्रेमको त्रिपक्षीय विषयवस्तुहरूको संयोजनमा समाजका विभिन्न पीडा, निराशा, कुण्ठा, अभाव, अस्थिरता, भ्रष्टाचार, राष्ट्रिय एकता, राष्ट्रिय विद्वैष, राजनीतिक अन्यौलता एवं विकृति आदि बारेका विषयवस्तुलाई समेटेर विभिन्न बिम्ब एवं प्रतीकका माध्यमबाट कविताहरू प्रकट भएका छन् ।

यी तिनैवटा कवितासंग्रहमा मूलत, गद्यकवितामा श्रुतिललित शब्दहरूको प्रयोग र आन्तरिक लय सिर्जना, कथ्य भाषामा केन्द्रीत कोमलता, नवीन प्राचीन कथ्य शब्दहरूको प्रयोग, कथ्यतामा भूतकालिक कथ्य क्रियाहरूको प्रयोग र अनुभूति, दार्शनिक तहमा प्रगतिशीलताको निरन्तरता, समसामयिक बहुमुखी विषयवस्तुको छनौट, बौद्धिक हार्दिकताका साथ बहुमुखी दार्शनिक चेत, प्राचीन तथा मध्यकालीन समयमा प्रयोग भएका शब्दहरूको प्रयोग, नामधातुका आधारमा क्रिया संरचनाको बनोट र प्रयोग, गद्यकविता भइकन पनि भाषिक प्रस्तुतीमा लयात्मकता, अन्त्यानुप्रासको प्रयोगको अभ्यास, अधिक बिम्बहरूको प्रयोग, एउटै कवितामा अनेकौं बिम्बहरूको स्थापन, कविताको सन्देशात्मक परिस्थितिलाई पाठक वा स्रोता आफैले खुट्याउन स्वतन्त्र छोडिदिनु र कवि स्वयम् कविताको न्यायाधीस नबनीदिनु कवितासंग्रह भित्र प्रकाशित

कविताहरूका प्रवृत्तिहरू रहेको अनुभव हुन्छन् । तसर्थ अन्त्यमा भन्नुपर्दा कविताले समसामयिक चेतनाको मूल स्वरलाई अँगाल्दै नयाँ गद्यकवितात्मक स्वशैलीलाई मुख्य प्रवृत्तिको रूपमा अँगालेको छ ।

**साहित्यिक उर्जा कसरी प्राप्त हुन्छ ?**

– सर्जकहरूलाई चाहिने विषयवस्तु यही समाजमा व्याप्त छन् तापनि बाँकी कुरा लेखकको आफ्नो कलागत क्षमता प्रदर्शन मात्रै हो । त्यसैले मानवसँग जोडिएका विभिन्न विषयहरू साहित्यिक उर्जाका आधार बनिदिन्छन् । समाजलाई हेर्ने आँखा, त्यसबाट उत्पन्न हुने संवेदना, सार्थक जीवनका लागि भोगेका पीडा, सास्ती तथा त्यसबाट उठ्न नसकेका संघर्षरत विषय नै साहित्यिक लेखनका उर्जा पनि हुन् । यसका अतिरिक्त सर्जकको साधना, अध्ययन तथा अनुसन्धानले सर्जकलाई उर्जाशील समेत बनाउँछ भने विषयवस्तुलाई नियाल्नु, पर्यवेक्षण गर्नु, निष्कर्ष प्रक्षेपण गर्नु साहित्यिक उर्जाबाट प्रकाशित मूल्य हुन् ।

**तपाईको गद्यकविता सिर्जनाको मूल्य के हो ?**

– गद्यकविता लेखेर व्यावसायिक मूल्य प्राप्तीको अपेक्षा म भित्रको सर्जक चेतनाले गर्दैन । तर समाजका विविध विषयगत अनुभूतिलाई महसुस गरेर विचार प्रकाशन गर्दा समाजले सकारात्मक स्वनिर्माणका लागि केही सन्देश पक्कै पाएको हुन्छ । त्यसैले मेरा गद्यकविताहरूले पनि सिर्जनाको मूल्य समाजलाई नै प्रदान गर्दछ । तथापि समग्रमा साहित्यलाई पेशाको रूपमा लिइँदैन, त्यसैले यो आय आर्जन गर्ने वा नाफामुखी व्यावसायिक चिन्तन उद्योग पनि होइन ।

त्यसमाथि पनि नेपालमा त साहित्य सिर्जनालाई अनुत्पादक सन्दर्भमा परिभाषित गरिन्छ । तसर्थ, साहित्य लेख्नु विदेशका तुलनामा नेपालमा सर्जकको आफ्नो आत्मसन्तुष्टि, सिर्जना भोक वा परमआनन्दको अनुभूति बाहेक केही होइन भन्ने लाग्दछ । मेरो सिर्जनाको मूल्य पनि यस्तै परिस्थितिको सेरोफेरोमा परिक्रमा गरिरहेको छ । धन्यवाद ।






# नेपालीका लागि कुटनैतिक सन्देश

आधिकारिक स्रोतका अनुसार इन्टरनेशनल थिङ्क ट्याङ्क फोरमका कार्यक्रम संचालक प्रोफेसर लि सी क्वाङ्गले आफूले नेपालका राजा ज्ञानेन्द्रलाई उहाँको दरबारमा भेटेको प्रसंग अत्यन्तै उत्साहका साथ उठाउनु भएको थियो ।

चीनले भन्दै आएको नेपाल–चीन सम्बन्ध अलवेदर सम्बन्ध हो र चीनको समर्थन सम्पूर्ण नेपाल र नेपालीलाई रहेको छ भन्ने भनाइलाई प्रो. लि सी क्वाङ्को प्रसंगले पुष्टी गरेको छ । यसबाट के बुझ्न सकिन्छ भने नेपालको स्थायित्व, विकास, क्षेत्रीय स्थिरता र शान्ति स्थापनामा अझैपनि राजाको भूमिका महत्वपूर्ण छ ।

एक अर्कालाई निषेध गर्ने राजनीति परित्याग गरि सबै आन्तरिक शक्तिका बीच एकता कायम गरेर अघि बढ्न सके मात्र नेपालको विकास, स्थायित्व, क्षेत्रीय स्थिरता र शान्ति स्थापना सम्भव छ । देशभक्त नेपालीहरू आजकल यस्तै कुरा बोलिरहेका छन् । जय नेपाल !







# हार्दिक बधाई

चीन, फ्रान्स, नेपाल, जर्मनी, ईरान, पाकिस्तान, रोमानिया, रूस, बेलायत, अमेरिका, भारत लगायतका देशका थिङ्क ट्याङ्क सम्मिलित अन्तर्राष्ट्रिय थिङ्क ट्याङ्क मञ्चमा नेपालको तर्फबाट आफ्नो विचार व्यक्त गरि सफलताका साथ फोरममा नेपालको गौरव बढाई फर्कनु भएकोमा **नेपाल–चीन पारस्परिक सहयोग समाज**का अध्यक्ष एवं 'अग्निचक्र राष्ट्रिय मासिक'का सल्लाहकार **श्री प्रेम सागर पौडेल**ज्यूलाई हार्दिक बधाई ज्ञापन गर्दछौं ।

**अग्निचक्र परिवार**

पुस्तक अंश / जीवन यात्रा



अरुण सुवेदी

# मैले अनुभव गरेको दुधिवनको हीराखानी

खनिजकै प्रसंगमा म अलिकति बरालिएँ । खनिजको खोजी सकिएको छैन, दार्चुलाको साथी धर्मानन्द जोशीले भन्यो- "हाम्रो ठाउँमा एउटा पहाह छ, त्यो राति-राति बल्छ ।"

मैले सोधें- "कस्तो पहाड हो त्यो बल्ने ? लु जाम् ।"

मेरो घरमै बस्थ्यो धर्मानन्द । तिब्बतबाट भेडाको ऊन ल्याएर नेपालमा बेच्थ्यो । दार्चुला पहिलोपटक गएको थिएँ म । ढुंगै-ढुंगाको गाउँ देखे । मैले सोचे-"मान्छे कसरी बाँच्छन् होला ? ढुंगैढुंगा छ खेत छैन, बारी पनि देख्दिन ।"

हुती भन्ने ठाउँमा हाम्रो प्रजा परिषद्‌को साथी थियो, धनबहादुर कुँवर । टंकप्रसाद आचार्य प्रधानमन्त्री हुँदा उसले आफ्नो गाउँमा एउटा प्राइमरी स्कूल खोल्यो । त्यसपछि त्यो प्राइमरी स्कूललाई मिडिल स्कूल बनायो र अहिले त्यो हाइस्कूललाई कलेज बनाएको छ । ऊ बडा मिलनसार साथी थियो ।

म त्यहाँ गएपछि, ऊ पनि जोडियो । हामी तीन जना भयौं । हामी त्यो बल्ने पहाड हेर्न हिंड्यौं, दार्चुलाको सुनसेरा भन्ने ठाउँमा गएका थियौं, धर्मानन्द जोशीले मामाको घरमा लगेर हामीलाई राख्यो, हामी त्यहीँ वास बस्यौं । त्यहाँका एक वृद्धले भने - "यहाँबाट अलिक पर दुधिवन भन्ने ठाउँ छ । त्यहाँ म बच्चा छँदै बुबासँग भेडा चराउन गएको थिएँ । भारतमा ब्रिटिस शासन हुँदा त्यहाँ ब्रिटिसहरूले घर बनाएर हीराखानी खन्दै थिए ।"

मैले उनलाई भने- "त्यो ठाउँ देखाउने मान्छे खोजिदिनुहुन्छ ?"

उनले खोजिदिन्छु भने । उसले भने "धेरै शिकार खेल्न पनि त्यहाँ जान्छन् ।" ती वृद्धको घरबाट हामीले त्यहाँका निम्ति खानाहरूको बन्दोवस्त गर्‍यौं । हामी तीन जना थियौं । काठमाडौं, नरदेवीको एक जना नेवार केटो पनि थियो मसँग । अब हामी चारजना भयौं । अरू तीन जना भरिया तयार गरेर हामी त्यहाँबाट हिंड्यौं । हामीसँग स्लिपिङ व्याग र म्याट्रेस थियो । एउटा टेन्ट पनि थियो । हामी सुनसेराबाट अघि बढ्यौं ।

मानसरोवर जाने बाटोमा इन्डियन आर्मीको क्याम्प रहेछ । हाम्रो महाकालीको प्लेटो कब्जा गरेर उनीहरू बसेका रहेछन् । त्यो भन्दा अलिक तलबाट हामीलाई हाम्रो गाइडले उत्तरतिर उकालो बाटो लग्यो । एक घन्टा उकालो चढिसकेपछि जंगलभित्र एउटा गाउँ आयो । त्यो धामीहरूको गाउँ रहेछ । हाम्रोतिर ढ्याङ्ग्रो ठोक्नेलाई धामी भन्छौं । तर, त्यहाँ धामी भन्ने जातै हुँदोरहेछ । त्यहाँ लगभग चार-पाँच वटा घर छन् । खूब आलु उत्पादन हुन्छ । एउटा बारीको पाटोमा त्यहाँ १०-२० मुरी आलु उत्पादन हुन्छ । ठूलठूला आलु ।

चारैतिर जंगल छ । त्यहाँ हाडे ओखरका रूखहरू छन् । बलिया - बलिया भैसी छन् । त्यहाँ आलु र दुध जति पनि खान दिन्छन् धामीहरूले । ती धामीहरूबाट पनि दुई जना मान्छे लिएर हामी उकालो लाग्यौं । एक दिन ओडारमा वास बस्यौं । अर्को दिन भेडीगोठमा पुग्यौं । आँखै नदेख्ने खालको पानी पर्‍यो । हामीले भेडीगोठमै बास बस्नुपर्‍यो ।

हामी भेडीगोठमा दुई दिन बस्यौं । अर्को दिन त्यहाँबाट हामी अगाडि बढ्यौं । दुई दिनको अतिरिक्त खाना खर्च भइसकेको थियो । फेरि एक रात एउटा ओढारमा बस्नुपर्‍यो । त्यहाँबाट बल्ल दुधिवनको इलाका शुरु भयो । दुधिवन एकदमै राम्रो प्लेटो छ । त्यहाँबाट पर हेर्दा आकाश जोडिएको देखिन्छ । उक्त ल्लेटोको बीच-बीचमा कमलको फूल फुलेको देखिन्छ । त्यो प्लेटोको पारिपट्टि हेर्दाखेरि चौरमा हूलका हूल मृग उफ्रिएको देखिन्छ । एकदमै रमणीय ठाउँ रहेछ ।

त्यहाँबाट ओरालो लागेपछि अपी हिमालको विशाल पहाड खडा भयो । अपी हिमालको हिउँको पहाड टुक्रिएर खोलामा पछारिँदा ठूलो आवाज आउँथ्यो । त्यसैको बगलमा हामीले ढुंगाको एउटा भग्नावशेष भेट्यौं । ब्रिटिसहरूले बनाएको घर त्यही रहेछ । त्यहाँभित्रको झार जंगललाई फाँडेर हामीले ढुंगामाथि टेन्ट लगायौं । त्यहीँ खाने र सुत्ने ठाउँ बनायौं । त्यहाँबाट हाम्रो खोजीयात्रा शुरु भयो । हामी उनीहरूले हीरा खनेको ठाउँमा पनि पुग्यौं । तर, त्यहाँका मान्छेहरूले हामीलाई सचेत गराएका थिए -"भालुको साह्रै ठूलो डर हुन्छ यो सिजनमा त्यसैले, होस गरेर हिंड्नुहोला ।"

त्यहाँ हामीले दुई दिन पनि काम गर्न पाएनौं । हामीसँग भएको रोटी पनि सकियो । पिठो पनि सकियो । जाडोमा एकदमै साह्रो भोक लाग्छ । हिमालमा त झनै भोक लाग्दोरहेछ । जब भोक लाग्छ, तब खुट्टा नै चल्दैन । हिंड्नै सकिँदैन । बिहान उज्यालो हुँदा अब हामीसँग रोटी छैन भन्ने थाहा भयो । हाम्रो टोलीका साथीहरूले भने "यहाँ शिकारीहरू आउँछन् । बेलुकीसम्म हेरौं, कहाँ धुवाँ आउँछ । उनीहरूले मृग मारेको भए त्यो शिकार किन्ने । छैन भने उनीहरूसँग बन्दुक लिएर शिकार गर्न जाने । मृग त जत्ति छन् यहाँ ।"

राति हाम्रा साथिहरूले धुँवा बलेको ठाउँ देखेछन् । हामीले शिकारीहरू त भेट्यौं । तर, उनीहरूले पनि केहि पाएका रहेनछन् । उनीहरू हाम्रो साथीहरूले दार्चुलामा चिनेको मान्छे परेछन् । घर गएर फिर्ता गर्छौं भनेर एउटा बन्दुक लियौं । हाम्रो साथीहरूले खूब शिकार खेल्न खोजे तर पाएनन् । अब हामीले शिकारको भर परेर हुँदैनथ्यो । हामीसँग जम्मा आठबटा रोटी मात्रै थियो । हामी थियौ सात जना ।

मैले बिहान भनें-"यो रोटी एक-एकवटा बाँडेर खाऔं । एउटा रोटी बाँकी रहन्छ । त्यो तपाइँहरूमध्ये क-कसले बाँडेर खानुहुन्छ, खानुस् । अब हामी यहाँबाट जाऊँ । "गहुँको रोटी थियो त्यो सीधैं तावामा ततायो । पाकेपछि खायो ।

नबेलीकन रोटी पकाउने त्यहाँको आफ्नै स्टाइल छ । अब हामी त्यहाँबाट दुधिवनको उकालो चढ्यौं । चढ्यौं, चढ्यौं, चढिरह्यौं । दार्चुलाबाट हिंड्दाखेरि मैले आठवटा चाउमिनको प्याकेट लुकाएको थिएँ । मैले कसैलाई देखाएको थिइनँ । हामीले धेरै उकालो चढिसकेका थियौं । जब दुधिवनको तेर्सो लाग्यौं । मेरो खुट्टा चल्नै गाह्रो भयो । यही मौका हो जस्तो लाग्यो । मैले भने- "पानी जहाँ छ, त्यहाँ तपाईहरू रोकिनुहोस् है ।"

त्यहाँ फेरि हामीले चुलोचौका बनायौँ । मैले त्यो आठवटा चाउमिन निकाले । भाडामा पानी राख्यौं र त्यसमा नुन हाली उमाल्यौं । मैले साथीहरूलाई भनें- जतिसक्दो धेरै पानी पिऊँ साथी हो । यो नै अन्तिम खानेकुरा हो ।"

टोलीका साथीहरूले भने-"यसपछि के खाने त सर ?"

मैले भने -"किन चिन्ता गर्नुहुन्छ ?"

तपाईहरूले चिन्नुभएको छ – म को हूँ ? अस्ति गोठालोले हामीलाई एउटा भेडा किन्न दे भन्दा दिएन । आज मैले बाघलाई भनिदिएको छु, चार वटा भेडा मार् । चारवटा भेडा मारेपछि त्यसले त्यो मुटु-कलेजो त फ्याँक्दैन । त्यो त हामीलाई खान दिन्छ नि ? पकाएर ठिक्क पारेको हुन्छ । त्यही खाउँला पहिले ।"

अब हामी तयार भएर हिँड्न थाल्यौं । हिँड्दा-हिँड्दा चाउमिनले पनि छाड्ने बेलामा पर भेडा नदिने भेडीगोठ देखियो । भेडीगोठबाहिर मासु भुन्ड्याएको देखेछन् साथीहरूले । उनीहरूले भने-सर साँच्चै बाघले त्यसका भेडा मारेको जस्तो छ, भेडीगोठ वरिपरि मासु भुन्ड्याएको छ ।"

मैले ठट्टा गरेँ-"मैले देवीलाई भनिदिएको छु, चारवटा भेडा मारिदेऊ त्यसको । तिमीहरूलाई त्यहाँ जानासाथ जति पनि खान दिन्छ, दिएन भने पैसाले किनौंला, मारेको सिनो के गर्छ ?"

त्यहाँ पुगेपछि गोठालो कराएछ-"त आउनुहोस् । खानुहोस् । यहाँ मासु पकाएको छु ।"

गोठालाले भन्यो-मेरो चार वटा भेडा मारिदियो नि बाघले आज ।" साँच्चै, चारवटै भेडा मारेछ बाघले ।

साथीहरूले मेरो मुखतिर हेरे । ती दार्चुलेहरूले सोचे-साँच्चै अरूण सुवेदीले भेडा मार्न लगाएछ । मस्त मासु खाए तिनीहरूले । भेडीगोठालाको जीवन कस्तो हुन्छ भने उसको घरबाट तोकेको सामान मात्रै आउँछ ।

उसले एक मुठी मात्रै अरूलाई दियो भने ऊ भोकै रहन्छ । उसले भेडा छोडेर जान सक्दैन ।

त्यसैले साथीहरूले मासु मात्र खाई मज्जासँग रात काटे । त्यहाँ एउटा कल्याण के भयो भने त्यो भेडीगोठालोको एउटा साथी ज्वरो आएर उठ्न नसक्ने भएको रहेछ ।

गाउँ पुऱ्याएदिऊँ, भेडा सबै बाघले मार्छ । गाउँ नपुऱ्याऊँ मान्छे गोठमै मर्ने भयो । त्यही फसादी परेको रहेछ । मलाई भन्यो-"हजुर यस्तो मान्छे लगिदिनुपऱ्यो ।"

मैले भने -"ए केटा हो । बोक यसलाई । यसको उद्धार गरौं ।"

बिरामीलाई बोकेर हामी धामी गाउँमै फर्कियौं । हाम्रो टोलीमा भएका दुई जना धामीलाई के लागेछ भने बाघलाई बोलाएर मार्न लगाउने अरूण सुवेदी त डेन्जर रहेछ । त्यस दिन धामी गाउँमै कपडा धोयौं । भोली जानु छ भनेर नुवाइधुवाइ गऱ्यौं ।

बिहान जब हिँड्न लागेका थियौं, एउटा बच्चा मऱ्यो भनेर रून थाले । ती धामीहरूलाई हामीसँग हिँड्नै दिएनन् । हाम्रा सर-सामान बोक्ने मान्छे तिनै थिए ।

मैले धनबहादुरलाई भने -तँ त दार्चुलाको मान्छे । यसो भ्फारफुक जानेको छस् ?"

उसले भन्यो -"जानेको छु नि ।"

मैले भनें-"ल ल, अहिल्यै धूप बालिहाल् । बच्चा मऱ्यो भन्छन् । गएर हेर् त ।" धामीको चक्कर रहेछ – यसले त मरेको मान्छे पनि ब्यूँभ्फाएँछ भन्ने । उनीहरूको भाषा बुझ्दिँदैन । दार्चुले भाषा । तपाई पनि आएर छेउमा बस्नूहोस् है भनेर पलेंटी कस्यो धनबहादुरले । हुन्छ भने मैले । धनबहादुरले धुप बाल्यो, के के गऱ्यो । के-के मन्त्र गर्दागर्दै त्यो बच्चा त रोयो बा !

बच्चा रोएपछि त यो के के न जान्ने मान्छे रहेछ, बच्चा बँचाइदियो भन्ने हल्ला भयो । बत्ती बालेर मेरो नै पूजा गर्न लागे धुमधामसँग । मन्त्र फुकेको त धनबहादुरले हो । धनबहादुर लोकल भयो । भेडा मार्न बाघ पठाउने यसैले गऱ्यो भन्ने भयो होला ।

बच्चा त बाँच्यो । हाम्रो सामान बोकेर ती धामीहरू हिँडे । आज ती धामीहरू महेन्द्रनगरमा खर्बपति भएर बसेका छन् दुधिवनको यार्सागुम्बा बेचेर ।

जब हामी बाटोमा आयौं तब बाटोमा पसल रहेछ । नेवारहरूकहाँ सातमा चक्ती (सगुन) हजुर भनेर ठूलठूला गिलासमा दिए धनबहादुरलाई । मैले पनि स्वाट्ट खाएको त त्यो रक्सी रहेछ ।

अलि परतिरको पसलसम्म जाँदा पनि सगुन दिएको दियै धनबहादुर र मलाई त खाँदा-खाँदा हिँड्नै गाह्रो होला जस्तो भयो । तलतिर महाकाली बगेको छ । माथिबाट भीर ओइरिएला भन्ने डर । त्यस्तो हालत भएर बेलुकी एउटा घरमा बास बस्न पुग्यौं ।

अर्को दिन हामी धनबहादुर कुँवरको घरमा आइपुग्यौं । एक दिन त्यहीँ बस्यौं । त्यो गाउँमा शिक्षाको ज्योति बाल्ने उनै धनबहादुर हो । आज ऊ यो लोकमा छैन । तर हुतीको कलेज, हुतीको स्कूल उसका कृतिहरू हुन् । त्यहाँ पढ्ने विद्यार्थीहरू आज स्वदेशभरि र भारत भूमिभरि छरिएका छन् । आज त्यहाँ प्लस टूको पढाइ हुँदैछ धनबहादुरको आफ्नै मेहनतले । उसले दार्चुलामा शिक्षाको ज्योति बाल्यो ।

धनबहादुरले एउटा छोरा थियो, स्कूले मास्टर । माओवादीले उसको हत्या गरिदिए । त्यसपछि धनबहादुर गहिरो शोकमा पऱ्यो । जसले शिक्षाको ज्योति बाल्यो, सिंगो जीवन शिक्षामा सुम्पियो । माओवादीले त्यसैको हत्या गऱ्यो । माओवादीले यस्ता ठूलठूला अपराध गरेका छन् । माओवादी साह्रै ठूला अपराधी हुन् ।

त्यसपछि डीएन जोशीको घरमा गयौं । दार्चुलामा मैले सोधें-"तपाईहरू धान त हातले माड्नुहुन्छ, के खानुहुन्छ ?"

उनीहरूले भने-"हामी त अन्नपानी सबै धार्चुलाको खान्छौ ।" धार्चुला भनेको महाकाली उतापट्टि हो । नेपालको त हामी रक्सी मात्र खान्छौं । रक्सीभन्दा अरू केही पनि छैन ।

त्यहाँबाट फर्किदा मेरो मन गाह्रो भएको थियो । भात नखाएको धेरै दिन भइसकेको थियो । भात कस्तो हुन्छ भन्ने पनि बिर्सिसकेको थिएँ । नरदेवीको केटो एकदमै आत्तिएको थियो, मेरो साथी भानु जोशीको भाइ हो । ऊ पहलमान थियो ।

मैले भनें – "पहलमानजी, हामी दार्चुलाबाट धार्चुला भएर नेपाल भित्रिएका छौं । अब दाल, भात, तरकारी खाने हो ।"

बाटोमा हिँड्दा-हिँड्दै मैले विश्लेषण गरें- 'अब दुधिवनको हिराखानी कसरी खन्न सकिएला त ? दार्चुलाबाट हेलिकप्टर लगेर गए खन्न सकिन्छ कि ? नेपालै-नेपाल भएर जाँदा हेलिकप्टर त बस्न सक्छ । तर, फर्किने बेलामा उतातिर अपी हिमाल छ । त्यसको साइटमा ठूलो पहाड छ । महाकालीको अगाडिपट्टि इन्डियन आर्मीले चीनसँगको युद्धका बेला बनाएका बंकरहरू पनि देखिन्छ । हाम्रो हेलिकप्टर त्यहाँबाट उठेर गयो भने पनि इन्डियन टेरिटोरीमा पुग्छ ।

जबसम्म बाटोको व्यवस्था हुँदैन, त्यहाँको हीराखानी खन्न सकिँदैन भन्ने निष्कर्ष निकालेर म फर्कें । अहिले त्यसको अवस्था कस्तो छ भन्ने त थाहा छैन तर यो राष्ट्रमा एउटा भव्य हीराखानी छ भन्ने कुरा यो किताब पढ्नेले थाहा पाउने छन् । नेपालमा कुनै त्यस्तो महापुरुष आउला, जसले त्यो हीराखानी खन्न सकोस् । खनोस् र त्यसले राष्ट्रलाई केही देओस् भन्ने मेरो सोंच हो ।

*(घोस्ट राइटिङबाट प्रकाशित अरूण सुवेदीको पुस्तक 'जीवन यात्रा'बाट साभार गरिएको ।)*

# बडादसैं, दीपावली तथा छठ पर्व – २०७५

को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्राहक सदस्य,

शुभचिन्तक तथा समस्त नेपालीहरूमा

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौँ ।



**प्रकाशराज शर्मा**

**प्रमुख कार्यकारी अधिकृत**

**तथा**

Laxmi Laghubitta Bittiya Sanstha Ltd.

लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्ग (राष्ट्रियस्तर) को इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय, कपनमार्ग, महाराजगञ्ज, काठमाण्डौ, नेपाल ।

# यात्रा

बचत तथा ऋण सहकारी

संस्था लिमिटेड

कोटेश्वर-३५, काठमाडौं

फोन नं: ०१-५१००५७७

**विजया दशमी, दीपावली, छठपर्व २०७५ एवं नेपाल सम्वत् ११३९ को**

शुभउपलक्ष्यमा

समस्त नेपालीहरूमा

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौँ ।




**रजिन श्रेष्ठ**

अध्यक्ष

सहकारी जगतमा 'यात्रा' को आफ्नै पहिचान



# जीवात्मा र परमात्माको मिलन नै योग हो




*प्रा. शिवगोपाल रिसालको ६२ औं कृति "योग के हो ?" हालै प्रकाशित भएको छ । स्वाध्याय परिवार, ललितपुर प्रकाशक रहेको पुस्तकलाई प्रकाशनार्थ अर्थ सहयोगी शारदा प्याकुरेलको सहयोगमा पुस्तक बजारमा आएको हो । सत्सङ्ग परिवार जावलाखेल ललितपुरमा भएको पुस्तक लोकार्पण समारोहमा अध्यात्मक्षेत्रका विशिष्ठ व्यक्तित्वहरूको उपस्थिति रहेको थियो । विभु प्रसाद अर्यालले उद्‌घोषण गर्नु भएको कार्यक्रममा वक्ताहरूले प्रा. रिसालको व्यक्तित्व र कृतित्वको महत्वबारे बोल्नु भएको थियो । पुस्तकमा प्रा. रिसालले आफ्नो भूमिकामा "योगको व्यापकता" शिर्षक राखेर संक्षेपमा आफ्नो पुस्तकबारे भूमिकाबाटै प्रस्ट्याउने कोशिश गर्नु भएको छ, जुन यस्तो छ :-*

**योगको व्यापकता**

योग ज्ञान पनि हो, विज्ञान पनि हो । योग सिद्धान्त र व्यवहार दुबै हो । योग साधन पनि हो, साध्य पनि हो । वैदिक मन्त्रद्रष्टा ऋषिहरु योगी थिए अनि ज्ञानी पनि थिए । त्यसैले योग र ज्ञानलाई एकै पनि भन्न सकिन्छ, अनि भिन्न पनि । वैदिक कालदेखि आएको योगले, इतिहासका विभिन्न कालखण्डमा परिवर्तित भए तापनि वर्तमान कालमा आइपुगेपछि पनि ठूलो महत्व बोकेको छ । योगलाई आजको वैज्ञानिक र राजनैतिक विश्वले समेत स्वीकार गरेको छ । ई.सं. २०१५ देखि जुन २१ लाई 'विश्वयोगदिवस' भनेर अन्तर्राष्ट्रिय दिवसका रूपमा विश्वका १९९ राष्ट्रले स्वीकार गरेका छन् र आ-आफ्ना देशमा मनाउन थालेका छन्– विभिन्न यौगिक कार्यक्रम गरेर ।

वैदिक सनातन हिन्दू धर्मका अतिरिक्त इसाई, इस्लाम, जैन, बौद्ध आदि धर्मावलम्बीले समेत प्रत्यक्ष वा परोक्ष रूपमा योगलाई आध्यात्मिक लाभका निम्ति प्रयोग गर्ने गरेका छन् । भावातीत ध्यान भनेर महेश योगीले योगकै एउटा पक्षलाई विश्वव्यापक रूपमा प्रचार गरी अन्तर्राष्ट्रिय रूपमा लोकप्रियता प्राप्त गरेका छन् । त्यस्तै ब्रह्मकुमारी राजयोगले पनि राजयोगका नामबाट वैदिक योगकै अनुशरण गरेको पाइन्छ ध्यानका माध्यमबाट । अष्टाङ्ग योगको एक अङ्ग 'ध्यान'– ले आजको विश्वमा ज्यादा मान्यता पाएको छ ।

शारीरिक स्वस्थतादेखि आध्यात्मिक उच्चतासम्म पुऱ्याउने योग सर्कसमा काम गर्ने चटकीदेखि लिएर ठूलाठूला ऋषि मुनिले समेत अभ्यास गरिने साधन बन्न गएकोबाट यसको उपयोगिता र उपादेयता अझ ज्यादा उजागर भएको छ । वर्तमान समयमा स्वामी रामदेवले त योगलाई अन्तर्राष्ट्रिय रूपमा नै अनेक रोगको उपचार पद्धतिसङ्ग जोडिदिएर झन् लोकप्रियता प्राप्त गराइ दिएका छन् । संसारका लाखौं मानिस नियमित रूपमा प्राणायामका रूपमा वा आसनका रूपमा भए पनि योगको अङ्गका अभ्यासी बनेका छन् । कतिले त ध्यानको अभ्यास पनि गर्ने गरेका छन् ।

'बिहान एकाध घण्टा यसो योग-स्योग गर्छु' भनेर आफू योगाभ्यासी भएको र शरीर स्वस्थ भएको बताउँछन् कति संभ्रान्त परिवारका पुरुष र महिलाहरु पनि । कतिपय विद्यालयमा पनि 'योगा' भनेर योगको कक्षा सञ्चालन गर्न थालेका छन् । भग्नावशेषका रूपमा भए पनि हाम्रो वैदिक कालदेखिको योग जीवित नै छ भन्नुपर्छ आसन र ध्यानका रूपमा । यम, नियम, प्रत्याहार, धारणा, समाधि आदि त अलि परकै कुरा भए ।

प्रहरी, सैनिक आदिले पनि व्यायाम गरेकोलाई योगै हो भनी दाबी गरे भने होइन भन्न मिल्दैन । अनि त शरीरलाई तन्काउने, मर्काउने, फर्काउने, दरिलो, लचिलो र हुँदा-हुँदा रबरजस्तै बटारबुटुर पार्नेसम्मका क्रियाकलाप समेतले योगको दुहाइ दिए त के लाग्यो र !

'योगश्चित्तवृत्तिनिरोधः' (योगसूत्र १।१) भनेर पतञ्जलिले गरेको योगको परिभाषालाई आजको तथाकथित योगाभ्यासीले पूर्णतया पालन गरेका छन् भन्न भने सकिँदैन । चित्तवृत्तिको निरोध भन्ने कुरा न त आजको राजनीतिले बुझेको छ न त जड भौतिकवादले वा भैतिक विज्ञानले । यो बुझ्न त वैदिक आध्यात्मिक परम्परामा नै पुग्नुपर्छ । अझ 'ईश्वरप्रणिधानाद् वा' (समाधिपाद २३) र तज्जपस्तदर्थभावनम् (समाधिपाद २८) को अर्थ बुझेर ईश्वरमा समर्पित भएर समाधिको अभ्यास गर्ने त कोही–कोही मात्र होलान् । कपालभाँति र लोम अनुलोममा नै अल्मलिएकाहरूले समाधिको भाषा कसरी बुझ्नु ? यो नबुझे, यसको अभ्यास नगरे काम छैन । निरोगी हुनु, रक्तचाप घटाउनु, खाएको पचाउनु, शरीर तन्काउनु, भुँडी हल्लाउनु आदि मात्र योग होइन है !

हिजो-आज त डाक्टरहरूले समेत योगको अभ्यास गर्ने अनि बिहान बेलुका एकाध घण्टा ध्यान गर्ने गर्नुहोस् भनी सल्लाह दिन थालेका छन् । यो त असाध्य राम्रो कुरा हो । डाक्टरहरूले पनि योग के हो ? ध्यान के हो ? त्यसका विधि, नियम आदि सिकेर आफूले पनि विधिपूर्वक, शास्त्रीय मर्यादा सहित अध्यास गरे सान्है राम्रो हुने थियो । 'ध्यानं निर्विषयं मनः' (स्कन्दोपनिषद् ११) कुनै पनि विषयको चिन्तन नभएको अवस्था नै ध्यान हो । आँखा चिम्लेर बस्नुमात्र ध्यान होइन ।

आज भोलि त ठमेल र झमेलमा पनि योग तालिम केन्द्र खुलेका छन् रे ! राम्रो कमाइ हुन्छ रे ! योग व्यापार होइन, व्यवसाय होइन । 'योग' को दुरूपयोग र अपव्याख्या गर्नु भएन । हाम्रा ऋषिमुनि योगको अभ्यासबाट हजारौं वर्ष समाधिमा बस्थे, कठोर तपस्या गर्थे र असाधारण शक्ति सञ्चय गर्दथे, अनि इन्द्रको आसन समेत हल्लन्थ्यो । 'मरा मरा' जप्ताजप्तै धमिराले गोलो लगाएको र वाल्मीकि त्यहीँबाट निस्केको पौराणिक कथा प्रसिद्ध छ । मन्त्रजपले, ध्यानले, समाधिले, र कठोर-कठोर तपस्याले लैकिक र पारलौकिक क्षेत्रमा असाधारण फल प्राप्त गरेका उदाहरणहरु पुराणहरूमा पाइन्छन् । यो पनि योगाभ्यासकै परिणाम हो । हुँदा-हुँदा योगकै पराकाष्ठामा पुगेपछि ब्रह्मको अपरोक्ष साक्षात्कार गरी मोक्षलाभ गरेका घटना पनि पुराण, उपनिषद् आदिमा पाइन्छन् । योगको अन्तिम लक्ष्य यही नै हो । ज्ञान नभई मोक्ष हुँदैन ।

यही लक्ष्य प्राप्तिका लागि प्रस्तुत ग्रन्थ प्रणयन गरिएको हो । जीवात्मा र परमात्माको मिलन नै योग हो भन्ने अन्तरमनमा राखेर यो ग्रन्थ पढ्नु पर्ला, बुझ्नु पर्ला पाठक महोदयहरूले । योग जान्नु ठूलो कुरो होइन, योगी हुनु ठूलो कुरो हो । हामी योगी बनौं, भोगी र रोगी होइन । योगाचार्य वा योगविशेषज्ञ होइन ज्ञानी बनी मोक्षलाभ गरौं ।

शिवमस्तु ! -**प्रा. शिवगोपाल रिसाल**



**बडा दसैं तथा शुभदीपावलीको**

शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्राहक

सदस्य, शुभचिन्तक तथा समस्त नेपालीहरूमा हार्दिक



मंगलमय

शुभकामना

व्यक्त गर्दछौँ ।



**रामहरि दाहाल**
प्रमुख कार्यकारी अधिकृत

**मेरो माइक्रोफाइनान्स** वित्तीय संस्था लि.
MERO MICROFINANCE BITTIYA SANSTHA LTD.

कर्पोरेट कार्यालय
बट्टार, नुवाकोट
फोन नं. ०१०-५६१७४६/५६१७४७

सम्पर्क कार्यालय
ज्वागल, कुपण्डोल, ललितपुर
फोन नं. ०१ -५५५२७५७९/५५२८१३६

**बडा दसैं तथा शुभदीपावलीको** शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्राहक सदस्य, शुभचिन्तक तथा समस्त नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।




**विनोद आचार्य**
प्रमुख कार्यकारी अधिकृत
तथा

आरम्भ
माइक्रो फाइनान्स
वित्तीय संस्था लि.

**आरम्भ** माइक्रोफाइनान्स
वित्तीय संस्था लिमिटेड परिवार
*केन्द्रीय कार्यालय : पुलबजार, बनेपा, काभ्रे, नेपाल*

# क्षुरिकोपनिषत् – ३५



वसन्तकुमार शर्म्मा नेपाल

*कैवल्यनाडीकान्तस्थपराभूमिनिवासिनम् ।*
*क्षुरिकोपनिषद्योगभासुरं राममाश्रये ।*
*ॐ पूर्णमद इति शान्तिः ।*

*ॐ क्षुरिकां संप्रवक्ष्यामि धारणां योगसिद्धये । यां प्राप्य न पुनर्जन्म योगयुक्तः स जायते । वेदतत्त्वार्थविहितं यथोक्तं हि स्वयंभुवा ।१। निःशब्दं देशमास्थाय तत्रासनमवस्थितः । कूर्मोऽङ्गानीव संहृत्य मनो हृदि निरुध्य च ।२। मात्राद्वादशयोगेन प्रणवेन शनैः शनैः । पूरयेत्सर्वमात्मानं सर्वद्वारान्निरुध्य च ।३। उरोमुखकटिग्रीवं किंचिद्धृदयमुन्नतम् । प्राणान्संचारयेत्तस्मिन्नासाभ्यन्तरचारिणः ।४। भूत्वा तत्र गतः प्राणः शनैरथ समुत्सृजेत् ।५। स्थिरमात्रादृढं कृत्वा अङ्गुष्ठेन समाहितः । द्वे तु गुल्फे प्रकुर्वीत जङ्घे चैव त्रयस्त्रयः । द्वे जानुनी तथोरुभ्यां गुदे शिश्नो त्रयस्त्रयः ।६ । वायोरायतनं चात्र नाभिदेशे समाश्रयेत् । ततः संचारयेत्प्राणनूर्णनाभीव तन्तुना ।८। ततो रक्तोत्पलाभासं पुरुषायतनं महत् । दहरं पुण्डरीकेति वेदान्तेपु निगद्यते । तद्भित्त्वा कण्ठमायाति तां नाडीं पूरयन्यतः ।९। मनसस्तु क्षुरं गृह्य सुतीक्ष्णं बुद्धिनिर्मलम् । पादस्योपरि मर्मृज्य तद्रूपं नाम कृन्तयेत् ।१०। मनोद्वारेण तीक्ष्णेन योगमाश्रित्य नित्यशः । इन्द्रवज्र इति प्रोक्तं मर्मजङ्घानुकीर्तनम् । तद्ध्यानबलयोगेन छिन्देदनभिशङ्कितः ।१२। ततः कण्ठान्तरे योगी समूहं नाडिसंचयम् । एकोत्तरं नाडिशतं तासां मध्ये वरः स्मृतः ।१३। इडा रक्षतु वामेन पिङ्गला दक्षिणेन तु । तयोर्मध्ये वरं स्थानं यस्तं वेद स वेदवित् ।१४। सुषुम्ना तु परे लीना विरजा ब्रह्मरुपिणी । द्वासप्ततिसहस्राणि प्रति नाडीषु तैतिलम् । छिद्यन्ते ध्यानयोगेन सुषुन्नैका न छिद्यते ।१५। योगनिर्मलधारेण क्षुरेणामलवर्चसा । छिन्देन्नाडीशंत धीरः प्रभावादिह जन्मनि ।१६ । जातीपुष्पसमायोगैर्यथा वास्यन्ति तैतिलम् । एवं शुभाशुभैर्भावैः सा नाडी तां विभावयेत् ।१७। तद्भाविताः प्रपद्यन्ते पुनर्जन्मविवर्जिताः ।१८। ततो विदितचित्तस्तु निःशब्दं देशमास्थितः । निःसङ्गस्तत्त्वयोगज्ञो निरपेक्षः शनैः शनैः ।१९। पाशं छित्त्वा यथा हंसो निर्विशङ्कः खमुत्क्रमेत् । छिन्नपाशस्तथा जीवः संसारं तरते तदा ।२०। यथा निर्वाणकाले तु दीपो दग्ध्वा लयं व्रजेत् । तथा सर्वाणि कर्माणि योगी दग्ध्वा लयं व्रजेत् ।२१। प्राणायामसुतीक्ष्णेन मात्राधारेण योगवित् । वैराग्योपलघृष्टेन छित्त्वा तन्तुं न बध्यते ।२२। अमृतत्वं समाप्नोति यदा कामात्प्रमुच्यते । सर्वैषणाविनिर्मुक्तश्छित्त्वा तन्तुं न बध्यते छित्त्वा तन्तुं न बध्यत इति ।२३।*

*

नाडीभित्र परासाथ बस्ने कैवल्य योगको
भारुद्र क्षुरिकाद्वारा आत्मानन्द लिँदो छु हो !
ॐ, सहनाववतु, शान्तिः ! शान्तिः !!

ॐ धारणा योगसिद्धिका निम्ति क्षुरिका-उपनिषत्को बयान गर्दछु ! जसलाई पाएर योगयुक्तका निम्ति पुनर्जन्म भनिने दुःखै रहन्न । वेदका तात्विक अर्थद्वारा सम्पादन भएको, खुदै स्वयंभू भगवान्‌ले जसरी बताउनुभएको हो, तथावत् छ यो जो, शान्त, शून्य स्थलमा बसेर, आसन बाँधेर, कछुवाले झैँ अङ्गहरू खुंच्याएर, मनलाई हृदयमा बन्देज गरेर, बाह्र (१२) मात्राको योगको प्रणवद्वारा बिस्तार बिस्तारै, समग्र द्वारहरू बन्द पारेर आफूलाई सबै किसिमले पूर्ण (तम्तयांर) पारोस् ।

छाती-मुख-कम्मर-घाँटीभन्दा अझ केही मात्रामा छातीलाई उन्नत पारेर, प्राणहरूलाई नाकभित्र मात्र घुमफिर गर्ने तुल्याओस् । त्यसरी नाकभित्र मात्र सञ्चरण गर्ने प्राण बनेपछिबाट मात्र बिस्तारै बिस्तारै खुकुल्याउँदै जाओस् ! मात्राहरू स्थिर र दृढ पारेर बूढी औंला समाहित (एकाग्र) पारी, दुइटा गोलीगाँठा मात्र दब्ने ढङ्गले बराबरीका तीन-तीन तिघ्रा झैँ देखिने गरी जाँघमा टम्म मिलाओस् ! दुई घुँडा र दुई तिघ्राको ठीक बीचमा गुदा तथा लिङ्ग भाग पार्दा कुकुच्चा र शिश्नको ढङ्ग पनि बराबरी र तीन खण्डकै देखिने हुन्छ । (प्रणवप्रक्रियाको महत्त्वपूर्ण त्रयस्त्रय मुद्रा यसैलाई मानिन्छ, त्यसैले तीन ठाउँमा गन्दा तीन गुना ९ (नौ) लहरै हुनु पर्छ । वायुको आयतन चाहिँ त्यस अवस्थामा नाभिक्षेत्रमै रहेको हुनुपर्छ ।

त्रयस्त्रय-अवस्थामा नाभिदेशमै वायुहरूको आयतन बनेपछि सुषुप्ना नाडी चाहिँ प्रकारप्रकारका नाडीहरूसँग घेरिएर (बेरिएर) अर्थात् अणुरक्ता-पीडा-कृष्ण-ताम्रा-विलोहिता-आदिले घेरिएको हुन्छ । तिनमा क्रमैले अतिसूक्ष्मलाई अनि तन्वीलाई अनि शुक्लालाई आडमा लेओस् र तिनैमा प्राणहरूलाई माकुराले तन्तु छोडे झैँ नटुट्ने (अखण्डित वा धाराप्रवाह) ढङ्गले संचारण (घुमाउने फिराउने काम) गरोस् ! त्यसपछि रक्तकमलझैँ कान्तिको पुरुषायतन विकसित हुन्छ र चिदाकाश चाहिँ पुण्डरीक अर्थात् श्वेतकमल झैँ प्रकाशवान् हुन्छ । जो वेदान्तहरूमा पनि वर्णन पाइन्छ ।

अनि त्यस्तो त्यस मण्डललाई छेडेर घाँटीमा आइपुग्छ त्यो प्राण, त्यस बेला प्राण सुषुम्ना नाडीलाई पूर्ण पार्दै रहेको हुन्छ । मनले चाहिँ ठीक त्यसै बेला तीखो (धारिलो) छुरारूप निर्मल बुद्धिलाई पक्रेर खुट्टाको माथिल्लो भाग (तिघ्रा) को त्यस रूपलाई चिरेर छुट्याइदेओस् ! मनको ढोकासँगको तीखो योगमा निरन्तर (प्रतिदिन) यसो गर्नुलाई 'इन्द्रवज्र' भन्ने नाउँ दिएको छ र 'मर्मजङ्घ' पनि भन्दछन् । त्यसलाई ध्यानबल लगाएर धारणाहरूद्वारा काटि (छिनालि) देओस् ! अनि तिघ्राका बीचमा राखेर मर्मप्राणको विमोचन चाहिँ चार पल्टको अभ्यासको बलले निःशंक बनेर त्यसलाई पनि काटिदेओस्, छिनाली देओस् !

त्यसपछि योगी घाँटीको बीचमा नाडीसमूहलाई जम्मा गरोस् ! ती एक सय एक नाडी मध्येमा उत्तम भनिने नाडी सुषुम्ना चाहिँ अरूमा तल्लीन रहने स्वभावकी, बिरजा र ब्रह्मरुपिणी हो । त्यसको बायाँपट्टि इडा र दायाँपट्टि पिङ्गला हुन्छन् । ती दुईको ठीक माझको ठाउँ जो जान्न सक्छ, त्यसले वेद जान्यो भने हुन्छ, त्यो वेदज्ञ बन्छ । बहत्तर हजार संख्याका नाडीहरूमा तैलिन नामक प्रतिनाडीलाई समेत ध्यान-योगद्वारा चुँडाल्न सकिन्छ, तर सुषुम्ना नामक एउटा नाडी चाहिँ चुँडालिने खालकै होइन । त्यो त योगको निर्मल ( सँध्याइएको) धारले, अत्यन्त तेजिलो (धारिलो) छुराले ती सयौं नाडी छिनाल्न त सक्ला धीरले यसै जन्ममा ।

यस्तै किसिमले यसरी नै शुभाशुभ भावद्वारा त्यस नाडीलाई कल्पना गरोस्, त्यो कल्पना पूर्ण भएपछि पुनर्जन्मको वर्जन पूरा हुन्छ । अनि तपले चित्त जितिसकेको, शान्त-शून्य देशमा बसेको, निःसङ्गतत्त्व र त्यसअनुसारको योग जानिसकेको, निरपेक्ष स्थितिको ऊ बिस्तार बिस्तारै पाशलाई चुँडालेर हंस जस्तै नै निर्धक्कसाथ आकाशमा उड्न घुम्न सक्ला । पाशो चुँडालिसकेको जीव संसारबाट सदाको निम्ति तर्छ । जसरी निर्वाण (निभ्नु) बेलामा बत्ती आफ्ना सब थोक जलाएर लय (अलप) हुन्छ, त्यसै गरी भएभरका कर्महरूलाई जलाएर योगी लयमा पुग्छ । योगज्ञाता पुरुष कठोर प्राणायामद्वारा, वैराग्यरूपी गोबरले लिपिएको (पोतिएको) उसलाई बन्धन भन्ने कुरै रहन्न, जहिलेसुकै इच्छानुसार ऊ अमृतत्त्व भेट्टाउँछ, मुक्त हुन्छ । समस्त इषणाहरूबाट छुटकारा पाइसकेको त्यसलाई बन्धन भन्ने कुरै रहन्न । ॐ सहनाववतु, शान्तिः ! शान्तिः !! शान्तिः !!!

***

# जे गरें, ठीक गरें, गौरवको अनुभूति भएको छ




**– राधेश्याम भट्टराई**, साहित्यिक स्रष्टा एवम् पूर्व सचिव, राष्ट्रिय सभा

**तपाईंको साहित्यिक यात्रा छोटकरीमा बताइदिनुस्न ?**

– पिता पं. देवीप्रसाद भट्टराई कवि पनि भएकाले राम्रा राम्रा कविता लेखेर सुनाउने र माता वृन्दावनलक्ष्मी भाका हालेर भानुभक्तीय रामायण गुनगुनाउने । घरको वातावरण नै साहित्यिक । शैशवकालीन त्यही परिवेश मेरो साहित्यिक प्रेरणाको मुहान । लेखनप्रारम्भ २०१९ । प्रथम प्रकाशित रचना 'स्वदेशमै जाऊँ' शीर्षकको गीत २०२० । साहित्यिक पत्रिका 'पूर्णिमा' मटिहानी, महोत्तरी । तत्पश्चात् लेखनमा रूचि बढ्दै गयो । विभिन्न कार्यक्रम-गोष्ठीहरूमा कविताबाचन गर्ने क्रम शुरू भयो । पत्र-पत्रिकामा लेख-रचना छापिन थाले । कविताको पहिलो पाठक थिइन् सहधर्मिणी कल्पना (खिला) भट्टराई । मेरा कविताका कतिपय मिठासपूर्ण शब्दहरू कल्पनाकै छनौटका हुन्थे । राष्ट्रव्यापी प्रतियोगितात्मक कवि-सम्मेलन र निबन्ध-प्रतियोगिताहरूमा पटक पटक प्रथम पुरस्कार प्राप्त हुँदा हौसला चुलिँदैगयो । गोरखापत्र, मधुपर्क, कान्तिपुर, गरिमा, कविता, समष्टि आदि राष्ट्रियस्तरका पत्र-पत्रिका; रेडियो नेपाल, नेपाल टेलिभिजन तथा बीबीसी लण्डनबाट पनि कविता, कथा, गीत, मुक्तक, खोजपूर्ण लेख-निबन्ध एवं समालोचनाहरूको प्रकाशन/प्रसारण हुँदैरह्यो । निम्नलिखित काव्यकृतिले पुस्तकको आकार लिए- (१) हलेसी (तीर्थकाव्य)-२०४१, (२) साठी थुँगा (मुक्तक-सङ्ग्रह)-२०५१, (३) मेरो देश : मेरै सपना (कविता-सङ्ग्रह)-२०५७, (४) पशुवध नगरौं (काव्य); (सम्पादन) दो.सं. - २०६३, (पिता पं. देवीप्रसाद भट्टराईद्वारा रचित २०१५ सालमा प्रकाशित काव्यको सम्पादित दोस्रो संस्करण) (५) नयाँ पसल (कविता-सँगालो)-२०६९ । मेरो व्यक्तित्व र कृतित्वका बारेमा चार जना विद्यार्थीले स्नातकोत्तर तहको र एक जनाले स्नातकतहको शोधपत्र तयार गरेका छन् ।

**तपाईंको प्रशासनिकयात्रा कस्तो थियो ? आजकल के गर्दै हुनुहुन्छ ?**

– लोक सेवा आयोगद्वारा एक स्थानका लागि लिइएको खुला प्रतियोगितात्मक परीक्षामा उत्तीर्ण भएपछि २०२८ वैशाख १२ गते पुरातत्व विभाग अन्तर्गत राष्ट्रिय अभिलेखालयको सहायक दर्शनाचार्य (रापअनं. प्रथम प्रा.) मा नियुक्त भई सरकारी सेवामा प्रवेश गरेँ । त्यहाँ रहँदा देशका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक स्थलहरूको अध्ययन-भ्रमण गर्ने मौका मिल्यो । त्यसबाट मलाई नेपालको इतिहास, पुरातत्व, धर्म-दर्शन, संस्कृति, मठ-मन्दिर र कलाकौशलको महत्व बोध भयो । अवलोकित स्थलहरूको इतिवृत्तात्मक निबन्ध-लेखन र प्रकाशन पनि गर्दैरहेँ । त्रि.वि. सेवा आयोगले लिएको नेपाली विषयको सहायक प्राध्यापकमा उत्तीर्ण भई २०३४ सालमा स्थायी नियुक्तिपत्र बुझेर पनि मैले उक्त पदमा बहाली गरिँन । नखाएको त्यो जागीर संस्मरणको पुराकथामात्र बन्यो । सहायक प्राध्यापकको जागीर छोडेर लोकसेवा दिएँ- शाखा-अधिकृतको । विज्ञापन १० पदको थियो । लिखित तथा अन्तर्वार्तासमेतबाट योग्यताक्रम प्रकाशित हुँदा मलाई प्रथम स्थान प्राप्त भएछ । राष्ट्रिय पञ्चायत सचिवालयमा पदस्थापन भयो । २०३६ साल जेठ ७ गते हाजिर भएर काम गर्न थालेँ । यहाँनेर जागीरे जीवनको एउटा अविस्मरणीय घटना उल्लेख गरौँ । जुनबेला म राष्ट्रिय पञ्चायत सचिवालयमा काम गर्न थालेँ त्यसबेला पञ्चायती व्यवस्थाको विरूद्धमा देशव्यापी आन्दोलन चर्किरहेको थियो । देश अशान्त थियो, आन्दोलित थियो र राजनीतिक परिवर्तनका निम्ति उद्वेलित थियो । त्यस्तो भयावहस्थिति उत्पन्न भएपछि राजा वीरेन्द्रले २०३६ साल जेठ १० गते जनमतसङ्ग्रहको घोषणा गरे । जनताले के-कस्तो परिवर्तन चाहेका छन् सो कुरा बुझेर उचित कदम चाल्ने भन्दै बालिग मताधिकारको आधारमा जनताको मत लिइने भयो । प्रश्न दुइटा राखिएका थिए- (१) के हालकै पञ्चायती व्यवस्था कायम राखी त्यसमा समसामयिक सुधार गर्दै जाने ? अथवा (२) बहुदलीय शासन व्यवस्था स्थापना गर्ने ? जनजिब्रोमा निर्दल कि बहुदल रोज्ने भनिन्थ्यो जनमतसङ्ग्रहको विषयलाई ।

जनमतसङ्ग्रहको घोषणा भएपछि राजनीतिक वातावरण पनि खुकुलो हुँदैगयो । प्रतिबन्धित राजनीतिक दलले घोषणाको स्वागत गरे । प्रचार-प्रसारमा खटिए बहुदललाई जिताउन । बहुदलवादी र निर्दलवादीका सभा-सम्मेलन भैरहे । २०३७ साल जेठ १ गते परिणाम आउँदा १० लाखको मतान्तरले बहुदल पराजित भयो, निर्दलको जीत भयो ५५ लाख मत ल्याएर । तर जनताले पत्याएनन् । पञ्चायतले धाँधली गरेर जीतेको आरोप लगाए । किन-कसरीतिर नजाऊँ । प्रसङ्गवशात् यतिसम्म उल्लेख गर्नु परेको हो । अब लागौँ आफ्नै कुरातिर । राजनीतिक परिदृश्यमा हलचल मच्चाउने जनमतसङ्ग्रहको घोषणापश्चात् जनतामा राजनीतिक चेतना र प्रजातान्त्रिक ऊर्जा थपियो । उपत्यकामा आएर विभिन्न पेशा-व्यवसाय गरी बसोबास गर्नेहरू उत्साहित नहुने कुरै थिएन । एकै ठाउँमा जम्मा भएर खुशियाली साटासाट गर्ने विचारले सूर्यविनायकमा आयोजना गरियो पिकनिक । २०३६ को फागुन महिना थियो, गते याद भएन । तीनचार सयको जमघटमा अधिकांश मान्छे पूर्वी नेपालका थिए । मनोरञ्जन गरियो । समसामयिक राजनीतिबारे चर्चा-परिचर्चा भयो । जमघट थियो, संगठित भेला थिएन । गफ चल्यो - बहुदलले जित्छ, बहुदललाई जिताउनु पर्छ । तर त्यो कुनै निर्णय थिएन । न त निर्णय गर्ने निकाय नै हुनसक्थ्यो त्यो पिकनिक ।

पिकनिक गएको तेस्रो दिन सचिवले मलाई सोध्नु भयो- सूर्यविनायकमा पिकनिक गएको हो बाबु ? मैले 'हो, हजुर' भनेँ । 'त्यहाँ को को थिए ?

के के कुरा भयो ?' सचिवको सोधाइमा मेरो सहज जवाफ थियो- विद्यार्थी, कर्मचारी, शिक्षक-प्राध्यापक, डाक्टर, इञ्जिनियर आदि विभिन्न पेशा-व्यवसाय गर्ने मान्छे थिए । खास कुरा केही भएको थिएन ।' उहाँले 'जानुस्' भन्नुभयो, म निस्कैँ । राष्ट्रिय पञ्चायतको सचिव हुनुहुन्थ्यो श्यामकृष्ण भट्टराई । सातदिनपछि सचिवले फेरि सोध्नुभयो- म तपाईंको बाबु सरहको मान्छे । मलाई नढाँटीकन भन्नुस् बाबु ! तपाईंले कहाँ पढ्नु भो ? राजनीति गर्नु भयो कि भएन ? विद्यार्थी युनियनमा कहीँ काम गरेको छ कि छैन ? कुन राजनीतिक विचार मन पर्छ ? तपाईंको पारिवारिक पृष्ठभूमि कस्तो छ ? ती कांग्रेसीहरूसँगको संगत छ कि छैन ?'... आदि थुप्रै प्रश्न बर्सिए । किन- कसो ? भनेर सोधिँन । जुँगा चले कुरा बुझेभैँ भयो । चस्का पर्‍यो, कतै मेरो जागीरमा खतराको घण्टी त बजिरहेको छैन ?

युवाजोश थियो भर्खरै अधिकृत भएको । साँझ - 'प्रथमग्रासे मक्षिकापातः' पहिलो गाँसमै झीँगा ! फेरि सम्झेँ - सहायक प्राध्यापकको जागीर नखाएर ठूलो भाग खोज्दै शाखा-अधिकृत भैटोपलेको ! 'चोक्टा खान गएकी बूढी झोलमा डुबेर मरी' भन्ने उखान त चरितार्थ हुँदैन ? जे भएपनि उमेर थियो, गरिखाने आँट थियो । मैले रिङ्गो नबिराई उत्तर दिएँ - जनकपुर र काठमाडौँमा पढेको हुँ । विद्यार्थी राजनीतिमा सक्रिय थिएँ । छात्रसंघको महामन्त्री, सभापति भएर पनि काम गरेको छु । २००७ सालको प्रजातान्त्रिक आन्दोलनमा ओखल्ढुंगामा भाग लिएका मेरा पिता पण्डित, राजनीतिकर्मी र समाजसेवी हुनुहुन्छ । प्रजातान्त्रिक विचारधारा हाम्रो परिवारको आर्दश हो । बीपीका कुरा सुन्न यदाकदा उनको निवास जयवागेश्वरी जाने गर्थे । त्यसैगरी नयाँ वानेश्वरस्थित 'लक्ष्मीको होटेल' मा कृष्णप्रसाद भट्टराई, वासु रिसाल र योगप्रसाद उपाध्यायहरू दैनिकजसो आउँथे, चिया खाँदै गफिन्थे । गफ सुन्न केही विद्यार्थी जाने गर्थ्यौं । म सहायक प्राध्यापकको जागीर छोडेर यता आएको हुँ ।' ध्यानपूर्वक मेरो भनाइ सुनेपछि हातको इसाराले जान भन्नुभयो । म आफ्नो कोठातिर लागेँ ।

अब पक्का भयो खतराको घण्टी बजेकै रहेछ । मित्रवत् व्यवहार गर्ने उप-सचिव आनन्दवल्लभ जोशी र सँगै सेवाप्रवेश गरेका सचिवका पी.ए. रामहरि अर्यालालगायतका साथीहरू अल्पअल्प कुरा गर्थे, सत्यतथ्य थाहा थिएन होला सायद उनीहरूलाई पनि । केही दिनपछि फेरि बोलाहट भयो । जागीरको इतिश्री सुन्ने मनस्थिति बनाएर हाजिर भएँ । भित्र पस्नासाथ सचिवले भन्नुभयो 'गृहले व्यवस्था विरोधी त्यो कर्मचारीलाई कारबाही किन नगरेको भन्छ । तारन्तार फोन पनि गरिरहन्छ ।' मानसिक रूपमा तयार थिएँ, आश्चर्य लागेन । राजा र व्यवस्थाको विरोध गर्नु जघन्य अपराध मानिन्थ्यो । मैले पिकनिकमा पञ्चायती व्यवस्थाविरूद्ध अचाल्की बोलेको र बहुदललाई जिताउनु पर्छ भनेको भन्ने उजुर परेको रहेछ गृहमन्त्रालयमा ।

मैले भनेँ - कर्तव्यनिष्ठ भएर काम गरेको छु । मेरो कुनै अपराध भए जस्तो कारबाही गरेपनि मलाई स्वीकार्य छ । जागीर नरहेपनि पहाड र मधेसमा हलो जोती खान पुग्ने जग्गा-जमीन छ । हलै जोतुँला । म खुशीसाथ बिदा हुन तयार छु हजुर । मेरो कुरा सुनेपछि आत्मीयता दर्शाउँदै भन्नुभयो सचिवले- बाबु ! तपाईँलाई पटक पटक सोध्नुपर्दा दुःख लागेको छ मलाई । तपाईंको क्रियाकलापका बारेमा अफिसभित्र र बाहिरका मान्छेसँग पनि बुझेँ । काम सन्तोषजनक छ, दोष केही छैन । गृहले भन्दैमा मैले कारबाही गर्नैपर्छ भन्ने छैन, गर्दिन । तपाईं योग्य र वफादार हुनुहुन्छ । निर्धक्क भएर काम गर्नुस् । तपाईंको भविष्य उज्वल छ ।

श्यामकृष्ण भट्टराई दक्ष, आँटिला, कुशल प्रशासक हुनुहुन्थ्यो । मन्त्रालयका सबै सचिवहरू उहाँभन्दा कनिष्ठ थिए । उहाँले मान्ने व्यक्ति एकमात्र थिए महान्यायाधिवक्ता कृष्णप्रसाद घिमिरे । उनलाई दाजु र अरू सचिवलाई भाइको सम्बोधन हुन्थ्यो । गृहसचिवले त मलाई जागीरबाटै हटाउन भनेका रहेछन् । तर श्यामकृष्णबाहेक अरू कुनै सचिव भएको भए सायद म त्यतिखेरै खोसुवामा पर्थें । उहाँको न्यायोचित बुद्धिमत्तापूर्ण विवेकले गर्दा सचिवसम्म भएर राष्ट्रको सेवा गर्न पाएँ । उहाँको जय गाउँछु, उहाँप्रति आभारी छ । ढुक्क भएर काम गर्दै जाँदा २०४१ साल माघ २७ गते उप-सचिव (राप द्वितीय) मा र २०४८ साल फागुन १८ गते संसद सेवाको सह-सचिव (राप प्रथम) मा मेरो पदोन्नति भयो । यी दुबै पदमा बढुवा हुँदा पनि मेरो स्थान यथावत रह्यो, म प्रथम नै भएँ । जागीरे जीवनमा कहिल्यै दोस्रो हुनु परेन मैले । सधैँ पहिलो हुनुमा मेरो योग्यता, कार्यक्षमता, कर्तव्यपरायणता, इमानदारिता, निःस्वार्थ सेवाभाव आदिको प्रतिफल हुनसक्छ ।

सचिवको अनुपस्थितिमा पटकपटक निमित्त सचिव र २०५७ असार २० गतेदेखि भदौ २९ गतेसम्म कार्यवाहक सचिव भएर राष्ट्रियसभाको सचिवको कार्यभार सम्हाल्नु पर्‍यो । संवैधानिक प्रावधान अनुसार राष्ट्रियसभाका अध्यक्ष डा. मोहम्मद मोहसिनको सिफारिसमा २०५७ साल भदौ ३० गते श्री ५ वीरेन्द्रबाट राष्ट्रियसभाको सचिवमा मेरो नियुक्ति भयो । राष्ट्रियसभा सचिवको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरी पाँचवर्षे पदावधि समाप्त भएपछि २०६२ साल भदौ ३० गते सेवाबाट निवृत्त भएँ । शाखा-अधिकृतदेखि सह-सचिवसम्मका पदमा कार्यरत हुँदा पदीय जिम्मेवारीका अतिरिक्त 'संसदीय विवरण' प्रकाशन समितिको संयोजक भएर संसदीय काम कार्यवाही सम्बन्धी विवरण प्रकाशित गर्नुका साथै संसद सचिवालयबाट प्रकाशित हुने 'संसद' (समाचार र विचार) नामक त्रैमासिक पत्रिकाको सम्पादक मण्डलको पनि संयोजक रही सम्पादन कार्य गरेको थिएँ ।

द्विसदनात्मक व्यवस्थापिका संसदको माथिल्लो सदन अर्थात् राष्ट्रिसभाको सचिव भएपछि राष्ट्रियसभा र सो अन्तर्गत हुने/गरिने कार्यक्रमिक सम्पूर्ण काम-कार्यवाहीको व्यवस्थापन गर्ने जिम्मा ममाथि थियो । मैले राष्ट्रियसभाको बैठक सञ्चालन व्यवस्थापन पक्षमा केन्द्रित प्रशासनिक/प्राविधिक कार्यक्षेत्रलाई आफ्नो बुद्धि-विवेकले भ्याएसम्म चुस्त दुरूस्त निष्पक्ष राख्तै निष्कलङ्कित राष्ट्रसेवकका रूपमा सेवा प्रदान गरेँ । लोकसेवा आयोगद्वारा २०३९ मा सञ्चालित 'कर्मचारी प्रशासन' एवं ई. १९९१ मा भारतको लोकसभा सचिवालय, दिल्लीबाट 'संसदीय लेखन तथा सम्पादन प्रणाली' भन्ने विषयमा तालिम लिएँ । सेवा अवधिमा संसदीय प्रतिनिधिमण्डलको सदस्यका हैसियतले केही मुलुकको भ्रमण गर्ने अवसर पनि प्राप्त भयो । सचिवमा मेरो नियुक्ति पनि रेकर्डेड नै थियो । सचिवालयका कर्मचारीहरूबाट राष्ट्रियसभा वा प्रतिनिधिसभाको सचिव हुने पहिलो व्यक्ति पनि म नै भएँ । पञ्चायतकालमा राजाबाट सीधै सचिवको नियुक्ति हुन्थ्यो । संसदीय व्यवस्था लागू भएपछि पनि बाहिरकै व्यक्ति नियुक्त हुँदै आए । भित्रबाट कहिल्यै नियुक्त गरिएन । २०१९ सालदेखिको परम्परा तोडेर पहिलो पल्ट संसद सचिवालयको सह-सचिवमा कार्यरत मलाई राष्ट्रियसभाको सचिव बन्ने सौभाग्य प्राप्त भयो । जो ऐतिहासिक थियो ।

सचिव भएपछि संस्थालाई केही दिनुपर्छ भन्ने लाग्यो मलाई । मैले सचिवमा बहाली गरेको भोलिपल्टै अध्यक्षज्यूलाई भनेँ- 'हजुर, म सह-सचिवबाट राजीनामा दिने भएँ ।' उहाँले भन्नुभयो- त्यसो नगर्नुस् सचिवज्यू, पद लियन राख्नुस् । मैले भनेँ- हजुरको सिफारिसमा संस्थाबाट पहिलो चोटि म सचिव भएँ । मबाट संस्थाले के पाउने त ? अध्यक्षको जवाफ थियो - संस्थाको निम्ति सचिवज्यूले गरेको कामको मूल्याङ्कन गरेर नै मैले सिफारिस गरेको हूँ । तपाईंको कार्यक्षमता, संसदीय अभ्यासको ज्ञान र लामो अनुभव संसदीय व्यवस्थाको सम्वर्द्धनका लागि पाँच वर्षपछि पनि

संसदलाई आवश्यक पर्नेछ । सेवा गर्ने त्यो बाटो किन बन्द गर्ने ? किन राजीनामा दिने ? मैले विनम्रतापूर्वक निवेदन गरैं - सह-सचिवबाट राजीनामा दिनासाथ छ-सात जना कर्मचारी लाभान्वित हुनेछन्, उनीहरूको एक-एक तह बढुवा हुनेछ । अध्यक्षज्यू र संस्थाप्रति म यसरी नै कृतज्ञता व्यक्त गर्न चाहन्छु । मेरो कुरा सुनेर अध्यक्षज्यू मुस्कुराउनु भयो, केही बोल्नु भएन । मेरो ढिपी मन परेको थिएन उहाँलाई । मैले २०५७ साल भदौ ३० गतेदेखि नै लागु हुने गरी सह-सचिवबाट दिएको राजीनामा स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पठाइदिन कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय पठाएँ । तर उता पठाउनुको सट्टा सचिव नै मेरो कार्यकक्षमा आएर राजीनामा देखाउँदै भने- के गरेको यार तिमीले यो ? चाँडै रिटायर हुने विचार छ ?' अध्यक्षसँगको संवाद दोहोऱ्याउँदै भनैं- संस्थाले मलाई सचिव दियो, मैले संस्थालाई सह-सचिवसम्म पनि नदिनु ? किन ओगटिराख्नु त्यो पद ! मैले छोड्दा छ-सात जनाको वृत्तिविकास त हुन्छ ।

रिसाएको मुद्रामा उनले भने- आदर्शका कुरा छोड । ठण्डा दिमागले सोच । जागिर नछोट्याऊ । भनेको मान । राजीनामा नदेऊ । उनको सल्लाह सर्वथा मेरै कल्याणका लागि हुँदाहुँदै पनि निर्णय बदलिँन । धेरै आग्रह गरेर पठाइदिन भनें । अनि राजीनामा स्वीकृत भयो । ती सचिव थिए मेरा हितैषी मित्र उदय नेपाली श्रेष्ठ । श्रीमती कल्पना, आफन्त र शुभचिन्तकहरूले राजीनामा दिएर पाँचै वर्षमा ढाक्रे नबन्न सम्फाएका थिए । तर कसैको कुरा खाइँन । मलाई थाहा थियो सह-सचिवपद लियन राखेको भए पदावधि सकिनासाथ म सचिवालयतर्फको सचिव हुन्थें, सेवा निरन्तर हुन्थ्यो । पछि संसदको महासचिवसम्म बन्ने प्रबल सम्भावना थियो । तर व्यक्तिगत फाइदाभन्दा संस्था र कर्मचारीको हित हेरैं मैले । व्यक्तिगत घाटा त भयो नै । निवृत्तिभरणसम्म त्यसको असर परिरह्यो । तर पनि म सन्तुष्ट छु । मैले जे गरैं ठीक गरैं । त्यसमा मलाई गौरवको अनुभूति भएको छ ।

त्यागको अर्को पाटो हो तक्मा । राजाको जन्मोत्सवमा मान, पदवी, विभूषण दिने चलन थियो । सम्बन्धित पदाधिकारीले सिफारिस गरेर दरबार पठाएपछि कर्मचारीले पाउँथे तक्मा । एक दिन सभामुख, राष्ट्रियसभाका उपाध्यक्ष र संसदका महासचिवले सभामुखको कार्यकक्षमा बोलाएर मलाई भन्नुभयो- सचिवज्यूलाई तक्मा दिने निर्णय गऱ्यौं । पहिले गोप्य रूपमा सिफारिश गरिन्थ्यो, अहिले सचिवज्यूलाई जानकारी दिएरै गर्न लगियो । म दङ्ग परैं, खुशीले गद्गद भएँ । संसदका सम्मानित उच्च पदाधिकारीहरूको ममाथि कत्रो विश्वास, आत्मीयता र सदाशयता ! हार्दिक कृतज्ञता ज्ञापन गर्दै भनैं मैले- हजुरहरूले अन्यथा नसम्फिए एउटा- निवेदन गर्न मन छ । 'के भन्नुछ, भन्नुस्न' भनेपछि आफ्नु विचार राखैं । तक्मा अरू कुनै कर्मचारीलाई दिनु उपयुक्त होला । यसबाट उसको उत्साह र मनोबल बढ्नेछ ।

उहाँहरूले भन्नुभयो - कस्तो गज्जप कुरा गर्नुभो सचिवज्यू ! तक्माका निम्ति सबै मरिहत्ते गर्छन्, सोर्स-फोर्स लगाउँछन् । तर तपाईंचाहिँ मलाई होइन, अरूलाई दिनु भन्नुहुन्छ किन ? मैले त अहिल्यै तक्मा पाइसकैं । मेरा लागि हजुरहरूको सद्भावभन्दा ठूलो तक्मा वा पारितोषिक अरू केही हुन सक्तैन । मेरो जवाफ अचम्म लागेर होला उहाँहरू गललल हाँस्नुभयो । २०६२ भदौमा मेरो कार्यकाल पूरा हुँदैथियो । त्यसभन्दा अगाडि असारमै तक्माद्वारा पुरस्कृत गर्ने उहाँहरूको सदिच्छा लुकेको थिएन । तर मैले निवर्तमान मलाईभन्दा अरूलाई दिन उचित हुने धारणा राखेपछि उहाँहरूले भन्नुभयो- 'सचिवज्यूको त्यागको कदर गर्दै तपाईंले जसलाई भन्नुहुन्छ, त्यसैलाई तक्मा दिने ।' मैले शाखा-अधिकृत वंशीराज पौडेलको नाम लिएँ । उनैले पाए त्यस वर्षको तक्मा । आजकलको मेरो दिन-चर्या अलिअलि साहित्यसाधना, अध्यात्मचिन्तन र समाजसेवातिर बित्ने गर्छ ।

**सचिवसम्म बनेर यो राष्ट्रको सेवा गर्नुभयो, यो देश कस्ताले हाँकेका रहेछन् ?**

— नेपालमा पटक पटक ठूल्ठूला क्रान्ति भए । जनताको साथ र सहयोगमा राजनीतिक व्यवस्था परिवर्तन भैरहे । देशको बागडोर परिवर्तनकारी नेताहरूको हातमा आइरह्यो । देशको विकास गर्न नेतृत्व लागिपऱ्यो । तैपनि विकासले अपेक्षित गति लिन सकेन । गरीबी र पछौटेपनको उकुच पल्टिरह्यो । भ्रष्टाचार बढिरह्यो । नेतृत्व वर्गमा सत्तालिप्सा र निजी स्वार्थको ऐंजेरु पलायो । देश र जनताले विकासको यथोचित प्रतिफल प्राप्त गर्न सकेनन् । देश हाँक्नेहरूको दूरदर्शिता र सक्षमतामा लाग्ने गरेको प्रश्नचिन्ह पनि कहिल्यै मेटिएन । राजनीतिक व्यवस्था फेरिए । पात्रहरू फेरिए । तर संस्कार, कार्यशैली र प्रवृत्ति भने फेरिएन ।

**तपाईंको हलेसीभित्र के के छन् ?**

— तिब्बती भाषामा 'मारातिकागुफा' भनिने हिन्दू, बौद्ध र किरातधर्मावलम्बीहरूको श्रद्धा-आस्थाको केन्द्र त्रिधार्मिक प्रसिद्ध तीर्थस्थल हलेसीधामको ऐतिहासिक-पौराणिक, धार्मिक-सांस्कृतिक, पुरातात्विक-पर्यटकीय महत्वलाई प्रतिपाद्य विषय बनाई रचिएको 'हलेसी' मा नेपालको महिमा, शिवतत्व र हलेसीको माहात्म्य वर्णन गरिएको छ । २०४१ सालमा प्रकाशित 'हलेसी' (तीर्थकाव्य) मा राष्ट्रकवि माधव घिमिरे, कवि प्रा. दैवज्ञराज न्यौपाने, बौद्ध विद्वान् पासाङ गोपर्मा र कवि भुवनहरि सिग्देलका मन्तव्य रहेका छन् । तेस्रो संस्करण (२०७५) सम्म आइपुग्दा 'हलेसी' को अंग्रेजीभाषामा अनुवाद भयो- कवि सीताराम अधिकारीबाट । त्रिधार्मिक तीर्थस्थल हलेसीमा पाइने र भेटिने प्रमुख विषय हुन्-

हिन्दूले शिव-पार्वती भेट्छन् हलेसीगुफामा
बौद्धले गुरू रिन्पोचे भेट्छन् हलेसीगुफामा
सुम्निमा-पारूहाङ नै भेट्छन् किरात गुफामा
भुक्ति र मुक्ति सबैले भेट्छन् हलेसीगुफामा ।

**मुक्तक किन लेख्नुहुन्छ ? तपाईंको मुक्तक-सङ्ग्रहले नेपाली समाजलाई के सन्देश दिएको छ ?**

— कविता विधाको सूक्ष्मतम रूप मुक्तक व्यङ्ग्यचित्र जस्तै धारिलो र चोटिलो हुन्छ । थोरै शब्दमा धेरै भाव व्यक्त गर्न सकिने हुनाले लेखिन्छ । मुक्तकमा मूलतः माया-प्रेम, हाँसो-रोदन, सामाजिक विकृति-विसङ्गति मुखरित हुन्छन् । समालोचक राममणि रिसालको भूमिका रहेको मेरो मुक्तक-सङ्ग्रह 'साठी थुँगा' ले समाजलाई केही सन्देश दिए नदिएको कुरा मैले होइन पाठकले भन्ने हो ।

**तपाईंका कविता-कृतिमा के पाइन्छ ? 'मेरो देश : मेरै सपना' र 'नयाँ पसल' केका लागि प्रकाशित भएका हुन् ? तपाईं कुन धारको कवि हो ?**

— विभिन्न समय, सन्दर्भ र परिवेशमा रचित कविताहरूको भावभूमि फरक हुनु स्वाभाविक हो । सुप्रसिद्ध समालोचक प्रा.डा. वासुदेव त्रिपाठीको विद्वत्तापूर्ण मन्तव्य रहेको 'मेरो देश : मेरै सपना' (कविता-सङ्ग्रह) मा ४८ वटा छन्दोबद्ध कविता सङ्ग्रहीत छन् । ती कवितामा विशेषतः माटोको ममता, प्रकृतिको चित्रण, राष्ट्रको गान तथा राष्ट्रिय स्वाभिमान दर्शाइएको छ । त्यस्तै ५१ वटा गद्य-कविताको सँगालो 'नयाँ पसल' मा पूर्वीय धर्मदर्शनको मोह, युद्ध-हिंसा-आतङ्कप्रति घृणा, सांस्कृतिक सम्पदा र स्वदेशको महिमागान, वीरताको बखान र विकृति-विसङ्गतिप्रति व्यङ्ग्य गरिएको छ । यस सँगालोमा सुप्रसिद्ध भाषाशास्त्री प्रा. बालकृष्ण पोखरेल र प्रसिद्ध महाकाव्यकार मोदनाथ प्रश्रितका विवेचनात्मक भूमिका रहेका छन् । पत्र-पत्रिकाहरूमा छरिएका रचनाहरू बटुलबाटुल गरी सङ्ग्रहको स्वरूप दिइएको हो । मेरा सिर्जनाले नेपाली भाषा-साहित्यमा अलिकति पनि योगदान दिन सकेका खण्डमा प्रकाशनको सार्थकता रहनेछ । आफैँले कवितात्मक प्रवृत्ति र धार तोक्नु

सजिलो छैन । तथापि मलाई स्वच्छन्दता मन पर्छ । यस अर्थमा स्वच्छन्दतावादी धार भनूँ कि !

**अबको नेपाली साहित्य कस्तो हुनुपर्छ ? तपाईंलाई मन पर्ने साहित्यकार को को हुन् ?**

– स्तरीय र युगसापेक्ष छँदैछ नेपाली साहित्य । यसलाई विश्वजनीन बनाउन नेपाली संस्कृति र सम्पदाको, नेपाली जनजीवनको यथार्थ चित्रणतर्फ अझ बढी ध्यान दिनुपर्छ । अबको नेपाली साहित्य विश्वसाहित्यसँग दाँजिने खालको हुनुपर्छ । मेरो भनाइ अहिले छैन भन्ने होइन । विश्वसाहित्यसँग नारिएर हिँड्न सक्ने भैसकेको छ नेपाली साहित्य । तरपनि भोटे ताल्चा लागेको छ भाषिक समस्याको । नेपाली साहित्यका उत्कृष्टतम कृतिहरू अंग्रेजी आदि अन्तर्राष्ट्रिय भाषामा अनुवाद गरी/गराई विश्वव्यापीकरण गर्नु सरकार र साहित्यकारको दायित्व हो । बंगाली भाषामा रचित रवीन्द्रनाथ टाइगरको 'गीताञ्जली" अंग्रेजी-अनुवादले नोबेल पुरस्कार पाएको थियो । भाषान्तरण भएका खण्डमा त्यस्ता महनीय पुरस्कारबाट पुरस्कृत हुने सम्भावना रहन्छ नेपाली साहित्यको । मलाई मन पर्ने नेपाली साहित्यकारका प्रतिनिधि पात्र हुन्- महाकवि देवकोटा, बीपी कोइराला, गोपालप्रसाद रिमाल, पारिजात र भूपी शेरचन ।

**जीवनबाट के सिक्नु भयो ? के चाहिँ गर्न बाँकी छ अब ?**

– जीवनबाट संघर्ष गर्न सिकेँ । संघर्षविनाको जीवन, जीवन होइन रहेछ । सफलताको सोपान र शान्तिको मुस्कान पनि संघर्षशील जीवन नै रहेछ । मैले सिकेँ - प्रेम, दया, निस्पृहता र निःस्वार्थ सेवाभाव । मैले पाएँ- सहनशीलता, इमानदारिता र कर्ममा विश्वास गर्ने नैतिक शिक्षा । मैले पढेँ - मान्यजनको आदर सम्मान र सानाप्रति माया गर्ने ज्ञानको पाठ । मैले प्राप्त गरेँ- सबैको भलो गर्ने ज्ञान । अनि मैले अपनाएँ- सत्य-निष्ठा र सरल जीवनशैली । मलाई लाग्छ मेरो सफलताका कारकतत्व पनि यिनै सिकाइ र भोगाइ हुन् । लामो समयसम्म प्रशासनिक क्षेत्रमा रहँदा पनि मैले सिकेका ज्ञानको प्रयोग र पालना इमानदारितापूर्वक गर्दै रहेँ । जसले मेरो निष्कलंकित छवि निर्माण गर्न बल पुऱ्याए । जीवनमा गर्न बाँकी अनगिन्ती काम हुन्छन् । मेरा पनि छन् । उल्लेख गरी साध्य छैन ।

**मोक्षको मार्ग के होला ? भगवान्मा किन विश्वास गर्नुहुन्छ ?**

– ज्ञान, भक्ति, वैराग्य र दुःखनिवृत्ति आदि मोक्षका मार्ग हुन् । हाम्रा आर्षग्रन्थ, ऋषिमुनि र तत्वदर्शी ज्ञानीहरूले अनेक मार्ग बताएका छन् । 'ऋते ज्ञानान्न मुक्तिः' विनाज्ञान मुक्ति सम्भव छैन । 'कलौ तु केवला भक्तिर्ब्रह्मसायुज्यकारिणी' कलियुगमा भक्ति नै मोक्षको मार्ग हो ।

'भक्तिरेकैव मुक्तिदा' मुक्तिको एकमात्र साधन हो भक्ति । 'कलौ केशवकीर्तनात्' आदि-इत्यादि । यो विश्वब्रह्माण्डको रचना गर्ने अद्भुत शक्तिको परमस्रोत हो ईश्वर । त्यही ईश्वरीय सत्ता नै भगवानको स्वरूप भएकोले भगवान्मा विश्वास गर्छु । यसैबाट मलाई शान्ति प्राप्त हुन्छ । अन्तर्वार्ताको अवसर दिनु भएकोमा अग्निचक्रका सम्पादकज्यूलाई धन्यवाद । ॐ ॥






*Article*

# Agricultural Business Environment in Nepal



Ram Chandra Rupakheti

The contribution of agriculture in Gross Domestic product plays a significant role in the global economy. The prosperity of a country depends upon its GDP growth. The policy and programs of government are influenced by the source of revenue. In Nepal, budget 2075/76 prioritized agriculture sector. Development of agricultural sector is the foundation for food security and sustainable economic development in Nepal because it is the major source of income and employment. As such, the government has made agricultural development a priority, recognizing the importance of agricultural commercialization for economic development. The finance minister, Yubaraj Khatiwada, in budget speech 2075/76, says, "Agriculture will be developed as the basis of poverty alleviation, end of unemployment and food security. I have emphasized on modernization, commercialization, mechanization and the expansion of value chain in agriculture to build agriculturally strong economy by doubling agriculture production within five years." Since agriculture sector is the backbone of Nepalese economy, agriculture sector is defined as the government's key priority sector. The contribution of agriculture in GDP in fiscal year 2075/75 is estimated 27.6 percent. The average growth of agriculture sector during two decades is 3.2 percent. Such growth of India is 3.2 percent and of Bangladesh and China is 3.9 percent.

As per the declaration of government in budget 2075/76, the educated youth are attracted to run business by providing Rs. 700 thousands with a percent interest subsidy against the collateral of their qualifying certificate with credit guarantee. The government shall establish a challenge fund to start-up capital of business. Therefore, the budget announces to promote entrepreneurs who are skilled, knowledgeable, innovative, result oriented competent and hard worker. The government has made the provision of rupees one million to each individual after certification of skill for the business for those youth returning from abroad employment. They could have learnt some skills, technical expertise and new business innovation while they were in foreign country. The government has emphasized and made compulsory insurance of the project so that the utilization of loan will be effectively improved and entrepreneurial risks will be minimized.

Probable domestic and foreign entrepreneurs want to do business in Nepal Based on agriculture and forestry. Extensive tax discount and concession on income derived from business mainly based on agriculture and forest products attract them in sericulture and silk production, horticulture and fruit processing, animal husbandry, diary industries, poultry farming, fishery, tea gardening and processing, coffee farming and processing, herb culture and herb processing, vegetable seeds farming, bee-keeping, honey production, rubber farming, floriculture and production and forestry related business such as lease-hold forestry, agro-forestry, cold storage established for the storage of vegetables and business of agricultural seeds, insecticide, fertilizer and agricultural tools (other than machine operated), income earned by saving & credit cooperatives in rural municipality are exempt from tax. Further, the dividend paid by such entity and societies are exempt from the taxation. Another tax exemption facility on interest earned up to rupees twenty-five thousands by individuals from deposits in account of microfinance institutions and cooperative. Such entities can play vital role in the agriculture sectors. These facilities attract potential entrepreneurs too.

However, Nepalese agriculture is characterized by relatively low yields compared to neighboring countries. Furthermore, land is disproportionately allocated to grain staples (such as rice, maize, wheat, millet, barley, and buckwheat etc.), despite fruits and vegetables showing relatively higher yields and higher growth in consumption. A proper understanding of the sources of agriculture growth would help identify what kind of agriculture offers potential to further reduce poverty and boost shared prosperity. Nepal is increasingly becoming a net importer of food, both in high value foods such as fruits and vegetables as well as staples such as rice, potatoes, and maize. Nowadays, manpower in rural sectors become scarce due to foreign employment. All consumable items are being imported. The global business have badly affected the domestic market. The deficit balance of payment badly influenced the economy in Nepal. The dependency on foreign countries has been increasing in agricultural seeds, fertilizer, pesticides, equipment and technical work force. In such a situation, it is necessary to increase the investment in agriculture sector. The essential and advanced technology should be purchased. The skilled work force should be produced in sufficient level. The innovation and invention in technology should be prioritized. Long-term strategy should be developed and implemented to enhance the agriculture productivity. Export should be increased to favorable balance of payment. Marketing programs of all agriculture product along with herbal and scarce products should effectively be implemented. The ultimate goal of poverty reduction will be achieved if the country gain high rate of GDP from the agriculture sector in Nepal.

Government has announced that Agriculture will be developed as the basis of poverty alleviation, end of unemployment and food security. It have been emphasized on modernization, commercialization, mechanization and the expansion of value chain in agriculture to build agriculturally strong economy by doubling agriculture production within five years. According to the Budget 2075/76, Prime Minister Agriculture Modernization Project will be

expanded. Grant will be provided on improved seeds and plants of tea, coffee, cardamom, areca nuts, potato, banana and lemon. Which may help to motivate to farmers to increase such agricultural product. Further, government brings product diversification and value chain concept in agricultural sectors. Organic products are emphasized and promoted. Agricultural knowledge centers are panned to establish in all local levels for the technical support and skills related to agriculture. So, farmers are suggested to enhance professionalism and get tax concession on income from agriculture sectors. The youths returned from abroad having agricultural know how and skills shall be promoted providing the concept.

Therefore, agricultural and cooperatives based enterprises are suitable ventures for the business to those potential and existing entrepreneurs. The scope of organic products is expanding. The use of quality food can be an indicator of living standard measurement. The government emphasizes on high value agriculture product. In marketing study, the importance of value chain analysis and consumer value is crucial. The government has declared that such value chain and product diversification will be expanded in each stage of production. Further, the government declared that the agriculture information desk facility would be established in each local bodies in the name of "Agriculture Knowledge Center". The government has also attracted to youth returned from foreign employment to organic agriculture farming and its business. They have some technical knowhow, experience and skills gained in abroad. Agriculture insurance programs are effectively promoted through budget 2075/76. Agricultural loans are provide to farmers. The essential agricultural equipment will be facilitated. In urban area, the demand of hygiene product is increasing. The transportation and marketing facility are increasing. The major portion raw material of exports are based on agriculture and forestry. Hence, there is favorable agricultural environment in Nepal.

expertrcr@gmail.com


# भालेश्वर महादेव मन्दिरको महत्व

**धार्मिक महत्व**

दक्ष प्रजापतिको यज्ञमा होमिएकी सतीदेवीको मृत शरीरलाई देवादिदेव महादेवले बोकेर पृथ्वी परिक्रमा गर्दा जहाँ सतीदेवीको भाल अर्थात् निधार पतन भयो, त्यस ठाउँमा 'भालेश्वर' महादेव उत्पन्न भएको कुरा हिमवत्खण्डमा उल्लेख गरिएको छ ।

सुमुखनामक गन्धर्वसँग भालेश्वर महादेवको प्रसंग जोडिएको छ । स्वर्गको इन्द्रसभाबाट भोग-विलास सिद्धयाइँ फर्कन लागेकी रम्भालाई सुमुखले बलजफ्ती चुम्बन गरे । रिसाएकी रम्भाको श्रापले सुमुख मर्त्यलोकमा आउन बाध्य भए । मर्त्यलोकमा भौँतारिएका सुमुखलाई गालव ऋषिले प्रत्येक दिन तीर्थमा स्नान गरी भालेश्वरको दर्शन गर्न उपेदश दिए । उपदेशबमोजिम गर्दै जाँदा भालेश्वर महादेव प्रकट भए र वर माग भनी भन्दा हजुरको गण भई बस्न पाऊँ भनी सुमुखले वर मागे । रम्भाले पहिले अपमान गरेकीले केही काल रम्भासँगको भोगविलास गरेपछि आफ्नो गण भएर बस्न भालेश्वर महादेवले सुमुखलाई वर प्रदान गरे र त्यसै अनुसार काम भयो भन्ने कुरा हिमवत्खण्डमा उल्लेख गरिएको छ ।

ब्राह्मण कुलमा जन्मिएका विरूपाक्षबाट पूर्वजन्मको कर्मको फलस्वरूप विभिन्न पापकर्म एवं मातृगमन समेत भयो । कुष्ठ रोगले ग्रस्त विरूपाक्ष यत्रतत्र बरालिन थाले । बरालिँदै जाँदा सुनकोशीको किनारमा नेमुनिलाई भेटी नेमुनिको उपदेश अनुसार प्रायश्चित्तका लागि चौसट्ठी शिवलिङ्गको दर्शन गर्न विरूपाक्ष हिँडे । यसरी हिँडेका विरूपाक्षले लिङ्गहरूको दर्शन गर्दै जाँदा तीर्थमा नुहाएर भालेश्वर महादेवको दर्शन गर्दै पूजा अर्चना गरेको कुरा हिमवत्खण्डमा उल्लेख गरिएको छ ।



भालेश्वर मन्दिर र परम्परागत रूपमा पुजिँदै आएको भालेश्वर शिवलिङ्ग (दायाँ तल)

समुद्री सतहबाट २,५५१ मिटरको उचाइमा अवस्थित यस भालेश्वर महादेवको दर्शन गर्नाले भक्तजनको मनोकांक्षा पूरा भई अन्त्यमा शिवलोकमा वास हुने जनश्रुति पाइन्छ ।


**ऐतिहासिक महत्व**

चन्द्रागिरी प्राचीनकालदेखि नै ऐतिहासिक रूपले महत्वपूर्ण स्थान हो । नेपाल एकीकरणका अभियन्ता पृथ्वीनारायण शाहले सबैभन्दा पहिले चन्द्रागिरीबाट नै सुन्दर नेपाल उपत्यकाको अवलोकन गरेका थिए । त्यति मात्र होइन यही स्थानमा पृथ्वीनारायण शाहले आध्यात्मिक साधनामा साधनारत रहेर नेपाल उपत्यका एकीकरणको लागि शक्ति आर्जन गरेका थिए भन्ने जनविश्वास यस क्षेत्रमा पाइन्छ । नेपाल उपत्यकाका मल्ल राजाहरूले चिन्छन् कि भनेर उनी घुम ओढेर चन्द्रागिरी डाँडाबाट आफ्नो राज्य गोरखातर्फ लागे भन्ने बयान पृथ्वीनारायण शाहको उपदेशमा पाइन्छ ।

पृथ्वीनारायण शाह आफ्नो ससुराली मकवानपुरबाट आफ्नो राज्य गोरखा फर्कँदा चन्द्रागिरी हुँदै फर्केका र उपत्यकाको अवलोकनपछि नेपाल उपत्यकाका राज्यलाई जित्ने दृढ निश्चय गरेको उनको उपदेशमा उल्लेख गरिएको छ । उनको साथमा रहेका दुई ज्योतिषी भानु अर्ज्याल र कुलानन्द ढकालले त्यतिबेलै आफ्ना राजाको इच्छा पूरा हुने भविष्यवाणी गरेको पृथ्वीनारायण शाहको उपदेशमा लेखिएको छ । नेपाल एकीकरणको प्रारम्भबिन्दु चन्द्रागिरीबाटै शुरू भएको र त्यो इच्छा 'भालेश्वर महादेव' ले पूरा गरिदिएको जनविश्वास अहिलेसम्म पनि यस क्षेत्रमा रही आएको छ । (प्राध्यापक दिनेशराज पन्तको अध्ययनमा आधारित)


समस्त ग्राहकवर्गमा बडादसैं, दीपावली, छठपर्व-२०७५ तथा नेपाल संवत् ११३९ को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
बराह ज्वेलरी इण्डष्ट्रिज प्रा. लि.
BARAHA JEWELLERY INDUSTRIES PVT. LTD.
www.barahajewellery.com
New Road Gate, Kathmandu, Tel: 01-2296915, 4232965, Fax: 01-4233511, Email: info@barahajewellery.com
Contact Offices:
Pipal Bot: New Road, Kathmandu, Tel: 01-2190004, 4266799 Dharan: Bhanuchowk, Mahendrapath, Tel: 025-526777, 520056, Fax: 025-522412 Pokhara: Sabha Griha Chowk, Pokhara, Tel: 061-206570 U.K.: Aldershot, London, Tel: 0044-7824332127 1252409272
Hong Kong: 12/F Gofuku Tower 62-64, Woosung Street, Jordan KLN, HONG KONG, Tel: 00852-27838955, Fax: 00852-25538966


मानसिक स्फुर्ति
शारीरिक शक्ति
आयो नून खाऔं
स्वस्थ रहौं
आयोडिनको कमीबाट हुने विकृतिहरू:
१. गर्भ तुहिने, मृत शिशु जन्मिने, अङ्ग भङ्ग भएको शिशु जन्मिने, जन्मेको शिशु चाँडै मर्न सक्ने ।
२. बच्चाहरु बहिरा, लाटा, लठ्ेउरा, बामपुड्के, डेडो आदि हुन सक्ने ।
३. पढाईमा कमजोर भई पटक पटक फेल हुनुको साथै खेलकुदमा समेत पछाडि पर्नसक्ने ।
४. गलगाँड आउने, सुस्तमनस्थिति हुने ।
५. आयोडिनको कमीले I.Q. Level कम हुने ।
६. आयोडिनको कमी भएमा मानिसहरुमा आलस्यपन आउने, काम गर्ने क्षमतामा कमी आउने ।
७. आयोडिनको कमीबाट गाईवस्तुले दुध कम दिने ।
आयोडिनको कमीबाट हुने विकृतिहरु उपचार गरेर हटाउन सकिदैन । त्यस्ता विकृति आउन नदिन एकमात्र उपाय आजै देखि आयोडिनयुक्त दुई बालबालिकाको चिन्ह अंकित पाकेटको नून मात्र प्रयोग गरौं ।
दुई बालबालिका चिन्ह अंकित आयोडिनयुक्त पाकेटका नून सधैं प्रयोग गर्नुहोस् ।
साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
केन्द्रीय कार्यालय: पो.ब.नं.: ४८३, कालिमाटी, काठमाडौं, नेपाल
फोन नं.: ४२७०३१५, ४२७१०१४, ४२७१२०८
फ्याक्स नं.: ९७७-१-४२७१७०४, ४२७१३९५







विजया दशमी तथा दीपावली-२०७५
को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं

दर्ता नं. ९६१/०६७/०६८

अवसर म्यानपावर सर्भिसेस प्रा. लि.

घर नं. १६१६, वंशीधर मार्ग
चण्डोल, चप्पल कारखाना चोक
पो.ब.नं. ११३८१, काठमाडौं, नेपाल
फोन नं. +९७७-१-४४२२८८१, ४४२२९८४, ४४२३२७८

फ्याक्स: +९७७-१-४४२२०८७
ईमेल: avsar_manpower@hotmail.com
वेबसाईट: www.avsarmanpower.com


नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
**सामाजिक सुरक्षा कोष**
बबरमहल, काठमाडौं
(फोन : ४२५६१४४, web: www.ssf.gov.np, email: info@ssf.gov.np)

**सामाजिक सुरक्षा कोष - एक जानकारी :** नेपालको संविधानले प्रत्येक नागरिकलाई सामाजिक सुरक्षाको हक हुने कुराको सुनिश्चिता गरेको छ ।
"सामाजिक सुरक्षा जीवनको साहारा" भन्ने अवधारण अनुरूप लक्षित कार्यक्रम मार्फत वि.सं. २०५१ सालबाट राज्यले सामाजिक सहायताका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । सामाजिक सहायताका कार्यक्रमहरू विभिन्न १ दर्जन भन्दा बढी निकायबाट संचालन भएका छन् । योगदानमा आधारित सामाजिक सुरक्षाका लागि पनि सञ्चय कोष, कल्याणकारी कोष तथा सामाजिक सुरक्षा कोष लगायतका निकायहरू स्थापना गरिएको अवस्था छ । आर्थिक तथा सामाजिक रूपमा जोखिममा रहेका नागरिकहरूको मर्यादाको रक्षाको लागि सामाजिक सुरक्षाको अवधारणा विकसित भएको हो । सामाजिक सुरक्षा अर्न्तगतको सहायता कार्यक्रमले बेरोजगारी, आयआर्जनको कमि वृद्धावस्था वा द्वन्द्वका कारण जीवन निर्वाहमा कठिनाइ परेको अवस्थामा सहयोग प्रदान गर्ने कार्यलाई जनाउछ ।हाल सरकारबाट प्रदान गरिदै आएका वृद्धा भत्ता, एकल महिला भत्ता, विधवा भत्ता वितरण जस्ता कार्य सामाजिक सहायताका कार्यक्रमहरू हुन भने सञ्चय कोष तथा कल्याणकारी कोषबाट प्रदान गरिने सेवाहरू योगदानमा आधारित सामाजिक सुरक्षाका कार्यक्रम हुन् । सामाजिक सुरक्षा कोषले सामाजिक सुरक्षा सम्बन्धी एकिकृत कानूनको मस्यौदा तयारी गरी श्रम तथा रोजगार मन्त्रालय मार्फत व्यवस्थापिक संसदमा पेश भएको अवस्था छ । उक्त कानुन पारित भएपछि सामाजिक सुरक्षा कोषले सामाजिक सुरक्षाका बीमा योजनाहरू क्रमशः लागू गर्ने र क्रमशः अन्य कार्यक्रमहरू एकीकृत गर्दै लगि सबै नागरिकलाई सामाजिक सुरक्षा सञ्जालमा आवद्ध गरी सर्वव्यापी सामाजिक सुरक्षा सञ्जालको स्थापना गर्ने लक्ष्यमा अगाडि बढिरहेको छ । यस कोष सामाजिक सुरक्षाको कार्यक्रम तयारीको चरणमा रहेको र यस कार्यमा सरकारी गैरसरकारी निकाय, निजी क्षेत्र, नागरिक समाजबाट सहयोग आशा गरिएको छ । धन्यवाद ।

# चाणक्यका उपयोगी कथनहरू

- प्रिय वचन बोल्नेको कोही पनि शत्रु हुँदैन ।
- भोको भए पनि बाघले घाँस खाँदैन ।
- सुतेको अवस्थामा सर्प, राजा, सिंह, बँदेल, बालक, अर्काको कुकुर र मूर्खलाई नउठाउनू ।
- दिउँसो स्त्रीसम्भोगमा, राती चोरीमा र बिहानै जाँड रक्सी र जुवामा मुर्दाहरूको मात्र समय बित्छ ।
- बुद्धिमान मानिसले खानेकुरामा मात्रै चिन्ता गर्नु हुँदैन किनकि खानेकुरा त जन्मसँगै आएको हुन्छ ।
- गएको शोक नगर्नु, भविष्यको पनि चिन्ता नगर्नु ।
- चरामा काग, चारखुट्टे पशुमा स्याल, मान्छेमा नाई र स्त्रीमा मालिनी धूर्त हुन्छन् ।
- कालले भौतिकलाई पचाउँछ, प्रजाको संहार गर्छ, सुत्दा पनि काल जागै हुन्छ ।
- पत्नीको पापको फल पतिले, शिष्यको गुरूले, पुरोहितको राजाले र राजाको पापको फल राष्ट्रले भोग्नु पर्दछ ।
- गोरूगाडाभन्दा पाँच हात, घोडाभन्दा दश हात, हात्तीभन्दा सय हात र दुष्टभन्दा लाख हात टाढा रहनुपर्छ ।
- बलिया शत्रुलाई कमजोर ठान्दै आक्रमण नगरौं ।
- जो दुष्ट छ उसले आफ्नो हैन अर्काकै दोष देख्दछ ।
- खानपानमा, धनको लेनदेनमा, विद्या आर्जनमा नलजाउने व्यक्ति नै सुखी र प्रशन्न रहन्छ ।
- विद्या, तप र दान यी तीनमा सन्तोष गर्नु हुँदैन तर आफनी स्त्री, धन र भोजनमा चाहि सधै सन्तोष लिनुपर्छ ।
- गुणले रूपको, शीलले कूलको, सिद्धिले विद्याको र भोगले धनको शोभा बढ्छ ।
- शत्रुको पनि गुण ग्रहण गर, गुरूको अवगुण त्यागिदेऊ ।
- व्यभिचारी आमा, मुर्ख सन्तान, ऋण बोकाउने बाबु र रूपवती स्वास्नी यी सबै शत्रु हुन् ।
- अज्ञान जस्तो शत्रु अर्को छैन ।
- धनको दान अवश्य गर्नहोस् तर सोचेर । गुणवान् व्यक्तिलाई उदारहातले दिनुहोस् । गुणवान व्यक्तिलाई दिनुभयो भने उसले अझैं बढाएर हजुरलाई कुनै न कुनै माध्यमबाट फिर्ता गर्दछ ।
- राजा, वेश्या, यमराज, चोर, बालक, भिखारी र लोभी शत्रुलाई अर्काको दुःखको मर्म बुझ्ने शक्ति हुँदैन ।
- जसको बुद्धि नै छैन त्यसलाई शास्त्रको के लाभ - जस्तै नेत्रविहिन व्यक्तिको लागि ऐना बेकार हुन्छ ।
- मुर्खता नै अधिक कष्टको कारण बन्दछ ।
- विद्या प्राप्त गर्न चाहनेले सुखलाई त्याग गर्नु पर्दछ ।
- विद्धानलाई नै सर्वत्र पुजिन्छ ।
- घरमा पत्नी, विदेशमा विद्या, रोगमा औषधि र मृत्युमा धर्म नै साथी हुन् ।
- धनले धर्म, योग वा परिश्रमले विद्या, मीठो स्वभावले राजा र असल स्त्रीले घरको रक्षा हुन्छ ।
- एउटा गुणले समस्त दोषहरूलाई ढाकिदिन्छ ।
- दुर्जनको संगत छोडेर सज्जनको संगत गर, रातदिन पुण्य कमाउ ।
- ज्ञानदाता गुरूको निन्दा त टाढा, निन्दा सुन्न पनि हुँदैन ।
- मनले सोचेको कार्य बोलीले प्रकट नगर्नु मन्त्र झैँ गोप्य राखेर काम सक्नुपर्दछ ।
- जो जससँग प्रिती गर्ने इच्छा छ त्यो संग सदा मीठो बोल्नुपर्छ ।
- जसले निश्चितलाई छोडेर अनिश्चितको खोजीतिर लाग्दछ उसले अनिश्चितलाई हासिल त गर्दैन निश्चितलाई पनि गुमाउँछ ।
- यस जगतमा अमृत समान दुई फलहरू रहेका हुन्छन् मिठो वचन र सज्जनहरूको संगति ।
- जो जसको मनमा रहन्छ त्यो टाढा भए पनि टाढा हुँदैन, जो जसका मनमा रहँदैन, त्यो नजिकै भए पनि टाढा नै हुन्छ ।
- विद्यार्जन गरिसकेको विद्यार्थीले गुरूको र डढेलो लागेको वन मृगले त्याग गर्दछन् ।
- दरिद्रतामा जति धैर्य राख्न सकिन्छ, त्यति नै सहनशक्ति बढदछ ।
- दान दिइसकेपछि फिर्ता गर्नुहुँदैन ।
- सबै गुण सम्पन्न भए पनि एक्लो र निर्वल सधैं दुःखी भइरहन्छ ।
- जति बुढो भएपनि दुष्ट दुष्ट नै हुन्छ । जति पाके पनि तीतो फल तितै रहन्छ ।
- दर्शन वा तत्वज्ञानले अरू सबै ज्ञानहरूलाई प्रदीप्त गराइदिन्छ ।
- दुर्जन अर्काको कीर्ति देखेर असह्य अग्निले डढ्छन्, उसको पदमा पुग्न नसकेपछि निन्दा गर्न सुरू गर्दछ ।
- दुर्जनलाई जतिसुकै राम्रा कुरा सिकाएपनि त्यसमा साधुत्व भाव पलाउँदैन, जतिसुकै दूध र घ्यू डुबाएर पनि निमको वृक्ष गुलियो हुदैन ।
- झुटो बोल्नु, कपट गर्नु, मुर्खता, अत्यन्त लोभ, अपवित्रता, दयाहीनता, यी स्त्रीहरूका स्वाभाविक दोष हुन् ।
- अर्समर्थवान्को लागि योग्य वस्तु पनि दोषयुक्त हुन्छ, काम थालेपछि बीचमा अलमल गर्नुहुँदैन ।
- त्यही पत्नी हो, जो पवित्र र दक्ष छ, त्यही पत्नी हो, जो पतिकी प्यारी छ, त्यही पत्नी हो जो साँचो बोल्छे ।
- पश्चाताप गर्नेलाई जस्तो बुद्धि उत्पन्न हुन्छ त्यस्तो बुद्धि पहिले नै हुने हो भने कसलाई धेरै सम्पत्ति हुने थिएन ।
- वर्तमानको लागि प्रयत्न गर्नु नै उत्तम ज्ञान हो ।
- जन्माउने, संस्कार गरिदिने, विद्या दिने, अन्न दिने, भयबाट जोगाउने यी तीन थरिकालाई पिता मानिन्छ ।
- बुद्धिमानहरूले पुत्रहरूलाई अनेक सुशीलतामा लगाउँछन् र पुत्र तिनै हुन् जो पितृभक्त छन्, पिता त्यही हो जसले पालना गर्दछ ।
- संकटको बेला जसले आफ्नो वर्गलाई छोडेर अर्काको आश्रय लिन्छ त्यो स्वयं नष्ट हुन्छ ।
- ब्राह्मणको विद्या, राजाको सेना, वेश्याको धन र शुद्रको कालिगढी बल हो ।
- जसको बुद्धि छ, त्यसैको बल छ, निबुद्धिलाई कहाँबाट बल हुन्छ ।
- वृक्षरूपी विश्वमा अमृत समान दुइवटा फल छन् - सरस प्रिय वचन र महान् व्यक्तिहरूसँगको संगत ।
- बिरामी हुँदा, दुःख पर्दा, अनिकाल पर्दा, शत्रुको भय हुँदा, राज मामिलामा र शमसानमा जो साथ रहन्छ त्यो बन्धु हो ।